महिला, कानुन र विकास मञ्च (FWLD)

महिला महासन्धिको इच्छाधिन
आलेखको प्रयोगसम्बन्धी स्रोत सामाग्री

# हाम्रो अधिकारहरू

## इच्छाधिन होइनन्

महिला महासन्धिको इच्छाधिन आलेखको
प्रयोगसम्बन्धी स्रोत सामग्री

# हाम्रो अधिकारहरु

इच्छाधिन होइनन्

प्रकाशन नं. १३३

२०६४

---

**यो सामग्री International Women's Rights Action Watch Asia Pacific (IWRAW-AP) ले प्रकाशित गरेको सामग्री "A Resource Guide : Our Rights Are Not Optional" मा आधारित भई नेपालीमा रुपान्तरण गरी प्रकाशित गरिएको हो ।**

---


**प्रकाशन प्रति : १,०००**

**प्रकाशन मिति : २०६४ मंसिर**

**प्रकाशक:**

**महिला, कानून र विकास मञ्च (FWLD)**

७२, आदर्श मार्ग
पो.ब.नं. २९२३ थापाथली, काठमाडौं, नेपाल
फोन नं ४२६६४१५, ४२४२६८३
फ्याक्स नं. : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com
वेभसाइट : www.fwld.org

**सहयोग:**

**द फोर्ड फाउण्डेशन**

५५, लोदी स्टेट, नयाँ दिल्ली, ११०००३, भारत
फोन नं. (९१११) २४६१९४४१, २४६४८४०१
फ्याक्स : (९१११) २४६२७१४७, २४६१७७३८
इमेल : ford-delhi@fordfound.org
वेभसाइट : www.fordfound.org

# खण्ड

# क

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको परिचय

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women) महिलाहरूको अन्तर्राष्ट्रिय अधिकारपत्रको रूपमा रहेको छ । यस महासन्धिलाई छोटकरीमा महिला महासन्धि (CEDAW Convention) पनि भनिन्छ । महिला समानता र विकाससम्बन्धी सबै पक्षहरू समेटी संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको महिला महासन्धि महिलाको मानव अधिकारलाई वैधानिक मान्यता दिएको एक महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो ।

महिला महासन्धि संयुक्त राष्ट्र संघको महासभाद्वारा १८ डिसेम्बर, १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागू भएको हो । १८० राष्ट्रहरूले अनुमोदन गरिसकेको यस महासन्धिलाई नेपालले पनि २२ अप्रिल १९९१ मा बिना कुनै आरक्षण यसलाई अनुमोदन गरिसकेको छ । महिला महासन्धि ६ भाग तथा ३० धाराहरूमा विभक्त छ । सामान्य रूपमा महासन्धिलाई ३ खण्डमा विभाजन गरी बुझ्न सकिन्छ । पहिलो खण्डमा महासन्धिको धारा १ देखि ५ सम्म छन्, जसले महासन्धिका सिद्धान्तहरू सम्बन्धमा व्यवस्था गरेको छ । दोस्रो खण्डमा महासन्धिको धारा ६ देखि १६ सम्म छन्, जसले महिलाका विभिन्न विशिष्ट अधिकारको सम्बन्धमा व्यवस्था गरेको छ । यस्तै तेस्रोमा खण्ड धारा १७ देखि ३० सम्म छन्, जसले महासन्धिको कार्यान्वयन सम्बन्धी कार्यविधिहरूको सम्बन्धमा व्यवस्था गरेको छ ।

## महिला महासन्धिको सिद्धान्त

महिला महासन्धि मूलतः तीन वटा सिद्धान्तमा आधारित छ, जुन यस प्रकार छ :-

क) अविभेदको सिद्धान्त (Principle of Non-Discrimination)

ख) समानताको सिद्धान्त (Principle of Equality)

ग) राज्यको दायित्वको सिद्धान्त (Principle of State Obligation)

## महिला महासन्धिअन्तर्गतको विशिष्ट अधिकारहरु

महिला महासन्धिको धारा ६ देखि १६ सम्ममा महिलाको विभिन्न विशिष्ट अधिकारहरूको सम्बन्धमा व्याख्या गरिएको छ । जुन यस प्रकार छः

**धारा ६ : बेचबिखन तथा शोषण विरुद्धको अधिकार (Right against Trafficking and Sexual Exploitation and Prostitution of Women)**

- महिलाको किनबेचविरूद्धको अधिकार
- वेश्यावृत्तिको लागि गरिने यौनशोषण विरूद्धको अधिकार

**धारा ७ : सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार (Right to Participate in Public and Political Life)**

- मतदान गर्न पाउने समान अधिकार
- निर्वाचनको लागि योग्य हुने समान अधिकार
- सार्वजनिक पद धारण गर्ने तथा नीति निर्माणमा संलग्न हुने समान अधिकार
- संघ संगठनमा सहभागी हुन पाउने समान अधिकार

**धारा ८ : अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार (Equal Right to Participate in International Forums)**

- अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा प्रतिनिधित्व गर्न पाउने समान अधिकार
- अन्तर्राष्ट्रिय संघ संगठनमा भाग लिन पाउने समान अधिकार

**धारा ९ : राष्ट्रियता सम्बन्धी अधिकार (Right to Nationality)**

- राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार
- विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार
- पतिको राष्ट्रियता जेजस्तो भएता पनि महिलाले आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा समान अधिकार

**धारा १० : शिक्षा सम्बन्धी अधिकार (Right to Education)**

- अध्ययन गर्न र उपाधि पाउने समान अधिकार
- छात्रवृत्तिसम्बन्धमा समान अधिकार
- खेलकूद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अधिकार
- परिवार नियोजनसम्बन्धी सूचना/जानकारी पाउने अधिकार

**धारा ११ : रोजगारीको अधिकार (Right to Employment)**

- रोजगारीमा समान अवसरको अधिकार
- रोजगारी स्वतन्त्ररूपमा चयन गर्न पाउने अधिकार
- समान पारिश्रमिक तथा सुविधाको अधिकार
- पुरा तलब सहितको प्रसूति विदाको अधिकार
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार

**धारा १२ : स्वास्थ्य सम्बन्धी अधिकार (Right to Health)**

- परिवार नियोजन लगायत स्वास्थ्य, स्याहार, सेवा विना कुनै भेदभाव प्राप्त गर्ने अधिकार
- गर्भवती समय, प्रसूती समय र प्रसूति पश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू प्राप्त गर्न पाउने अधिकार
- गर्भवती समय र स्तनपानको समयमा पर्याप्त पोषण प्राप्त गर्न पाउने अधिकार

**धारा १३ : आर्थिक तथा पारिवारिक लाभको अधिकार (Right to Economic and Social Benefit)**

- पारिवारिक लाभ उपभोगमा समान अधिकार
- बैंकको कर्जा वा अन्य प्रकारको ऋण प्राप्त गर्न पाउने अधिकार
- धितो-बन्धकी राख्न पाउने अधिकार

- खेलकूद, सांस्कृतिक र मनोञ्जनात्मक गतिविधिमा सहभागिता हुन पाउने समान अधिकार

**धारा १४ : ग्रामीण महिलाको अधिकार (Rights of Rural Women)**

- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार
- स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार
- सबै सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार
- आवास, सरसफाई, विद्युत्, यातायात, खानेपानी तथा संचारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार

**धारा १५ : कानूनी समानताको अधिकार (Right to Equality before Law)**

- कानूनको दृष्टिमा समानताको अधिकार
- करार सम्पन्न तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार
- अदालत तथा न्यायधिकरणसमक्ष हुने कार्यविधिमा समान व्यवहारको अधिकार
- घुमफिर गर्ने तथा वासस्थान छान्न पाउने स्वतन्त्रतासम्बन्धी समान अधिकार

**धारा १६ : विवाह तथा पारिवारिक सम्बन्धको अधिकार (Right to Marriage and Family Relation)**

- जीवन साथी स्वतन्त्र रूपले छान्न पाउने समान अधिकार
- वैवाहिक जीवनको समान अधिकार,
- सम्बन्ध विच्छेदको समान अधिकार,
- सम्पत्तिमा पति-पत्नी दुवैको समानताको अधिकार
- पारिवारिक नाम, पेशा र वृत्ति चयन गर्न पाउने अधिकार
- सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार

## अविभेदको सिद्धान्त

महिला महासन्धिले अन्य महासन्धिहरूले जस्तो लिङ्गको आधारमा हुने असमान व्यवहारलाई मात्र भेदभावको रूपमा परिभाषित नगरी भेदभावको विस्तृत परिभाषा गरेको छ, जुन यस प्रकार छः-

> **"महिला विरुद्धको भेदभाव" भन्नाले महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएतापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शुन्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।**

**भेदभाव पहिचान गर्ने तत्वहरु**

महिला महासन्धि आउनु अघि महिला विरूद्धको भेदभाव भन्नाले लिङ्गको आधारमा गरिने फरक व्यवहारलाई मात्र लिइएको थियो । तर महिला महासन्धिले महिला विरूद्ध भेदभावको व्यापक परिभाषा गरे पश्चात् महिला विरूद्धको भेदभावलाई लिङ्गको आधारमा गरिने फरक व्यवहारमा मात्र सीमित गरेर बुझिदैन, यसलाई विस्तृत र व्यापक अर्थमा बुझिन थालेको छ । महिला विरूद्धको भेदभावलाई पहिचान गर्न निम्न सुत्रहरूको प्रयोग गर्ने गरिन्छ ।

- **प्रत्यक्ष वा अप्रत्यक्ष (Direct or Indirect) :** महिला विरूद्धको भेदभावको कुरा गर्दा प्रत्यक्ष रूपमा हुने भेदभावलाई मात्र नहेरी कुनै कार्य गर्दा महिला अप्रत्यक्ष रूपमा विभेदित हुन्छ वा परिमाण विभेदपूर्ण छ भने पनि त्यो महिला विरूद्धको भेदभाव मानिन्छ ।
- **मनसाययुक्त वा विना मनसाय (Intentional or Unintentional) :** महिला विरूद्धको भेदभावको कुरा गर्दा मनसाययुक्त भेदभावको साथ साथै बिना मनसायको भेदभावलाई पनि भेदभावको रूपमा लिइन्छ ।
- **कानूनी वा वास्तविक *(De jure or De facto)* :** महिला विरूद्ध भेदभाव भन्नाले कानूनी भेदभाव मात्र होइन, वास्तविक भेदभाव पनि हेर्नुपर्ने हुन्छ । कुनै कानूनले भेदभाव नगरेको स्थितिमा व्यवहारमा भेदभाव भइरहेको हुन सक्दछ । त्यसैले व्यवहारमा हुने भेदभाव पनि महिला विरूद्धको भेदभाव हो ।
- **वर्तमान वा ऐतिहासिक/संरचनात्मक (Present or Historical/Institutional) :** वर्तमान भेदभाव मात्र नभई इतिहासको कुनै कालखण्डमा गरिएको भेदभावको कारण वर्तमानमा महिला विभेदित हुन्छ भने त्यो पनि ऐतिहासिक भेदभाव हो । यस्तै संरचनामा रहेको भेदभावको कारण महिला विभेदित हुन्छ भने त्यो पनि संरचनागत भेदभाव हो ।
- **अन्तर सम्बन्धित (Crosscutting) :** महिला विरूद्धको भेदभावको कुरा गर्दा कुनै एक क्षेत्रमा भएको भेदभावले सम्बन्धित थुप्रै क्षेत्रमा असर पारिरहेको हुन्छ । त्यसैले एउटा भेदभावले असर पार्ने सबै क्षेत्रहरू अन्तरसम्बन्धित भेदभाव हुन् । भेदभावको उपचार गर्दा भेदभावको विषयमा मात्र उपचार प्रदान नगरी अन्तरसम्बन्धित सबै विषयमा उपचार दिनुपर्ने हुन्छ ।
- **अन्तर विषयगत (Intersectional) :** सबै महिला समान स्तरका छैनन् । महिला भित्र पनि ग्रामीण महिला, अपांग महिला, दलित महिला, जनजाति महिला, अशिक्षित महिला, गरीव महिला, पिछडिएका वर्गका महिला लगायत थुप्रै वर्गहरू रहेका छन् । अतः सबै महिलालाई एकै स्तरमा राखेर गर्ने व्यवहार पनि कतिपय स्थितिमा भेदभावपूर्ण हुन सक्दछ । त्यसैले महिला भित्र पनि अन्तर विषयगत भेदभाव हेर्नु पर्छ ।

**भेदभावको क्षेत्र**

**सामान्यतया अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरु लागू हुने क्षेत्र सार्वजनिक क्षेत्र मात्र हो भन्ने अनुमान गरिन्छ । तर महिला महासन्धिले सार्वजनिक क्षेत्रमा हुने मात्र नभई निजी क्षेत्रमा अर्थात् घर, परिवार र समाजमा हुने भेदभाव पनि महिला विरुद्धको भेदभाव हो भनी परिभाषित गरेको छ ।**

**सारभुत समानताको सिद्धान्त**

समानता कुनै पनि समाजको आधार स्तम्भ हो, समानता बिना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन । समानता प्रत्येक व्यक्ति, समाज र राष्ट्रको लक्ष्य हो । तर परम्परागत समानताको सिद्धान्तले व्यवहारमा समानता ल्याउन नसकेकोले वास्तविक व्यवहारमा समानता कसरी ल्याउने भन्ने क्रममा समानताका तीन वटा छुट्टाछुट्टै अवधारणा अगाडि आएका छन् ।

**समानतासम्बन्धी दृष्टिकोण (Approaches to Equality)**

**बराबरी दृष्टिकोण (Sameness Approach)**

बराबरी दृष्टिकोण समानता सम्बन्धी पहिलो अवधारणा हो । यस दृष्टिकोणले महिला र पुरूष दुवै बराबर छन् भन्ने मान्यता राख्दछ । त्यसैले यसले महिला र पुरूष दुवैलाई समान अवसरहरू प्रदान गरेमा समानता हुन्छ भन्ने मान्यता राख्दछ । यस अवधारणाले महिलाको समानताको अधिकारलाई पुरूष सरह हुने अधिकारको रूपमा लिइन्छ । त्यसैले यसले कसैप्रति पनि भेदभाव नगर्ने तटस्थ कानून भएमा समानता हुन्छ भन्ने मान्यता राख्दछ । तर तटस्थ कानूनले समानता ल्याउन नसक्ने यथार्थता आज हाम्रो अगाडी रहेको छ ।

**संरक्षणवादी दृष्टिकोण (Protectionist Approach)**

संरक्षणवादी दृष्टिकोण महिला र पुरूष फरक फरक हुन भन्ने आधारमा भएको हो । तर संरक्षणवादी दृष्टिकोणले महिला र पुरूष फरक हुनुमा प्राकृतिक भेद रहेको देख्दछ । त्यसैले संरक्षणवादी अवधारणाको विकास महिलाहरू शारीरिक रूपमा पुरूषभन्दा कमजोर छन् र उनीहरूलाई संरक्षणको आवश्यकता पर्दछ भन्ने आधारमा भएको हो । यस दृष्टिकोणले महिलालाई संरक्षण गर्ने नाममा महिलाका अधिकारहरूमा नै नियन्त्रण तथा बन्देज लगाउँदछ ।

**सुधारात्मक दृष्टिकोण (Corrctive Approach)**

सुधारात्मक दृष्टिकोणको विकास पनि महिला र पुरूष फरक हुन भन्ने आधारमा भएको हो । तर सुधारात्मक दृष्टिकोणले महिला र पुरूष फरक हुनुमा परापूर्वकालदेखि रहेको सामाजिक भेद रहेको देख्दछ । यसले महिला र पुरूषबीच विद्यमान लैङ्गिक अन्तर आत्मसात गर्दै दुवैलाई समान दृष्टिले हेर्ने तटस्थ कानूनले समानता ल्याउँदैन भन्ने मान्यता राख्दछ । अतः अवसरमा मात्र नभई पहुँच र परिणाममा समेत समानता ल्याउन सुधारात्मक उपायहरू अपनाउनु पर्ने कुरामा यसले जोड दिन्छ ।

**समानताको सिद्धान्तहरु**

समानतासम्बन्धी विभिन्न दृष्टिकोणहरूको आधारमा समानताका दुई सिद्धान्तहरूको प्रतिपादन भएको छ, जुन यस प्रकार छः-

- **औपचारिक समानता (Formal Equality) :** औपचारिक समानता बराबरी दृष्टिकोणमा आधारित समानताको सिद्धान्त हो । यस सिद्धान्तले कार्यविधिगत समानतामा बढि जोड दिन्छ । किनभने यसले तटस्थ कानूनमा विश्वास गर्दछ ।

यस समानताको सिद्धान्तले तटस्थतामा आधारित कानूनले महिला र पुरूषलाई पार्ने फरक फरक परिणाम र असरप्रति कुनै विचार गर्दैन । त्यसैले यसले महिला र पुरूषबीच रहेको लैङ्गिक दुरीलाई पनि मेट्न सकेको छैन । यस सिद्धान्तले कानूनमा मात्र समानता खोज्दछ, व्यवहारमा समानता ल्याउन सक्दैन ।

- **सारभूत समानता (Substantive Equality) :** सारभुत समानता सुधारात्मक दृष्टिकोणमा आधारित समानताको सिद्धान्त हो । यस सिद्धान्त अनुसार वास्तवमा असमान स्थितिमा रहेका सबैलाई उस्तै व्यवहार गर्नु भनेको असमानतालाई निरन्तरता दिनु हो । त्यसैले यसले कार्यविधिमा मात्र समानता नखोजी व्यवहारमा समानता खोज्दछ । यस सिद्धान्तले अवसरमा मात्र नभई परिणाम र असरमा समान हुनुपर्ने कुरालाई जोड दिन्छ ।
  सारभुत समानताको सिद्धान्तले समानतालाई लक्ष्यको रूपमा लिएको छ र वास्तविक समानतामा पुग्नलाई महिलाहरूको लागि विशेष कानूनी व्यवस्था गर्नुलाई साधनको रूपमा लिएको छ । त्यसैले यस सिद्धान्तले असमान स्थितिमा रहेका वर्गहरूबीच समान व्यवहार नगरी परिणाममा समानता ल्याउन पिछडिएको वर्गको लागि विशेष व्यवस्था गरी वास्तविक समानता ल्याउन जोड दिन्छ ।

## राज्यको दायित्वको सिद्धान्त

कुनै पनि अन्तर्राष्ट्रिय महासन्धिको पक्ष भएपछि राज्यको निश्चित जिम्मेवारीहरू सिर्जना हुन्छन् । जसअनुसार पक्ष राज्यका तीन वटै अंगहरू (कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका) महासन्धिअन्तर्गत सिर्जित दायित्वहरू कार्यान्वयन गर्न बाध्य हुन्छन् । यसैलाई राज्यको उत्तरदायित्वको सिद्धान्त भनिन्छ । राज्यको उत्तरदायित्वको सिद्धान्त अन्तर्राष्ट्रिय कानूनको सर्वमान्य सिद्धान्त हो । तर विभिन्न महासन्धिहरू अन्तर्गत राज्यको उत्तरदायित्व फरक फरक हुन सक्दछ । महिला महासन्धि अन्तर्गतको राज्यको उत्तरदायित्व यस प्रकार रहेको छः-

### उपयुक्त उपायहरु अवलम्बन गर्नुपर्ने दायित्व

महिला महासन्धिले पक्ष राज्यहरूलाई महासन्धिले प्रदान गरेको अधिकारहरूलाई कार्यान्वयन गर्न तल उल्लेखित विभिन्न उपायहरू अपनाउनु पर्ने जिम्मेवारी दिएको छः

- **नीति तथा कानून संशोधन गर्ने उपाय** : नीति तथा कानून संशोधन गर्ने उपाय अन्तर्गत निम्न कार्यहरू पर्दछन्ः
  - महिला तथा पुरूषबीचको समानताको सिद्धान्तलाई संविधान तथा कानूनहरूमा समावेश गर्ने,
  - महिलाविरूद्ध हुने सबै प्रकारको भेदभावलाई प्रतिबन्ध लगाउन कानूनी र अन्य व्यवस्था गर्ने,
  - भेदभाव उन्मूलन गर्न आवश्यक परेको खण्डमा दण्ड सजायसमेतको व्यवस्था गर्ने,
  - पुरूषहरू सरह समान आधारमा महिला अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था गर्ने,

- महिलाले पनि न्यायिक र सार्वजनिक निकायहरू मार्फत् आफ्ना अधिकारहरूको प्रभावकारी संरक्षण गर्न पाउन सक्ने व्यवस्था गर्ने,
- सार्वजनिक अधिकारीहरू वा संस्थाहरू महिलाविरूद्ध हुने कुनै भेदभावपूर्ण कार्य वा व्यवहारमा संलग्न नहुने वातावरणको सुनिश्चितता गर्ने,
- लैङ्गिक भेदभावपूर्ण कानून, परम्परा तथा प्रचलनहरू संशोधन वा खारेज गर्ने,
- महिलाविरूद्ध भेदभाव गराउने सम्पूर्ण दण्ड सजायसम्बन्धी व्यवस्थाहरू खारेज गर्ने ।

- **आवश्यक साधन स्रोतको व्यवस्था गर्ने उपाय** : आवश्यक साधन स्रोतको व्यवस्था गर्ने उपाय अन्तर्गत महिलाहरूको लागि छुट्टै साधन स्रोत विनियोजन गर्ने, बजेटको लैङ्गिक दृष्टिकोणबाट लेखाजोखा गर्ने, महिलाको लागि विशेष सहुलियत तथा आर्थिक छुटको व्यवस्था गर्ने आदि कार्यहरू पर्दछन ।
- **महिला अधिकारको लागि संस्थागत संरचनाको व्यवस्था गर्ने उपाय** : महिला अधिकारको लागि संस्थागत संरचनाको व्यवस्था गर्ने उपायअन्तर्गत महिला अधिकारको पूर्ण विकास र प्रबर्द्धन गर्न छुट्टै संरचना स्थापना गर्ने जस्तैः राष्ट्रिय महिला आयोग एंव महिला अधिकारको लागि भइरहेको संस्थामा महिला शाखाहरू गठन गर्ने जस्तैः नेपाल प्रहरीको महिला सेल, विभिन्न मन्त्रालयहरू अन्तर्गत रहेको लैङ्गिक सम्पर्क केन्द्र आदि कार्यहरू पर्दछन् ।
- **प्रचार प्रसार र सचेतना गर्ने उपाय** : प्रचार प्रसार र सचेतना गर्ने उपाय अन्तर्गत महिला महासन्धि तथा यसले प्रदान गरेको अधिकारहरू सम्बन्धमा व्यापक जनचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू गर्ने, यस सम्बन्धी जानकारीपत्रहरू प्रकाशन तथा वितरण गर्ने, प्रशिक्षक कार्यहरू चलाउने आदि कार्यहरू पर्दछन् ।
- **अन्य उपायहरु** : अन्य उपायहरूमा महिला महासन्धिलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्ने माथि उल्लेखित बाहेक अरू उपायहरू पर्दछन् । जस्तैः महिला महासन्धिको इच्छाधिन आलेखको अनुमोदन, महिला महासन्धि कार्यान्वयन गर्न कार्ययोजनाको निर्माण तथा कार्यान्वयन आदि कार्य पर्दछन् ।

## महिला विरुद्ध भेदभाव उन्मूलन समिति (CEDAW Committee)

महासन्धिको कार्यान्वयनको अनुगमन गर्न "महिला विरूद्ध भेदभाव उन्मूलन समिति" रहेको छ । समितिमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका विशेषज्ञहरूमध्येबाट २३ जना रहने व्यवस्था छ । यी विशेषज्ञहरू समानुपातिक भौगोलिक वितरण पद्धति तथा भिन्न भिन्न सभ्यता तथा कानून प्रणालीको प्रतिनिधित्व हुने गरी राज्य पक्षहरूले आ-आफ्नो नागरिकहरूबाट निर्वाचित गर्ने व्यवस्था छ । तर निर्वाचित भएपछि समितिका सदस्यहरूले आफ्नो राष्ट्रको प्रतिनिधित्व नगरी व्यक्तिगत हैसियतमा कार्य गर्दछन् ।

समितिले मुख्य रूपमा राज्य पक्षले पेश गर्ने प्रतिवेदनहरूको समीक्षा मार्फत महासन्धि अन्तर्गतको दायित्वहरू राज्य पक्षले परिपालन गरे/नगरेको परिक्षण गर्ने कार्य गर्दछ । संयुक्त राष्ट्र संघको महासभाद्वारा महासन्धिको इच्छाधिन आलेख पारित भई लागु भएपछि समितिले इच्छाधिन आलेख अन्तर्गत पर्न आउने उजुरी समेत हेर्ने काम गर्दछ ।

**सिफारिसहरु (General Recommendations)**

सिफारिस भन्नाले महिला विरूद्ध भेदभाव उन्मूलन समितिले महासन्धिको विभिन्न धाराहरू वा महिला अधिकारका विषयमा गरेको व्याख्या हो । हालसम्म समितिले २५ वटा सिफारिसहरू पारित गरिसकेको छ । समितिले पारित गरेको सबै सिफारिसहरूको आ-आफ्नै महत्व छ ।

सिफारिसहरूको माध्यमबाट महासन्धिको धाराहरूलाई विस्तृत अर्थ दिन सकिने हुँदा यसले महासन्धिको विधिशास्त्रीय विकासमा मद्दत पुऱ्याउँदछ । यसको साथै महासन्धिका राज्य पक्षहरूलाई महासन्धि अन्तर्गतको दायित्व अझ स्पष्टसँग बुझ्न पनि मद्दत पुग्दछ । समितिले दिने सिफारिसहरू महासन्धिको कुनै धारासँग सम्बन्धित हुन वा नहुन पनि सक्दछ । उदाहरणको लागि समितिको सिफारिस नं १९ मा महिला विरूद्धको हिंसाका सम्बन्धमा व्याख्या गरिएको छ, जबकी महिला महासन्धिमा महिला विरूद्धको हिंसाको सम्बन्धमा कुनै प्रावधान छैन ।

# खण्ड ख

## महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधिन आलेखको परिचय

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिले व्यवस्था गरेको मानव अधिकारको प्रत्याभुति दुरगामीको विषय हो । यद्यपि महासन्धिले प्रत्याभुत गरेको अधिकार र महिलाले जीवनमा भोगिरहेको वास्तविकता बीचको अन्तर बढी अर्थपूर्ण हुन्छ । यस इच्छाधिन आलेखले त्यस्तो अन्तरबीच पुलको काम गर्दछ । यो महिला विरूद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलन सम्बन्धी महासन्धि भन्दा छुट्टै सन्धि हो, जसलाई महासन्धि सदस्य राज्यहरूले समेत स्वतन्त्र रूपमा अनुमोदन गर्नु पर्दछ । इच्छाधिन आलेखले कुनै नयाँ सारभुत अधिकारको निर्माण गर्ने नभई केवल महासन्धिले उल्लेख गरेका अधिकारहरूको प्राप्तिका लागि कार्यविधिको विषयलाई स्पष्ट पार्दछ । महासन्धिद्वारा प्रदत्त ती अधिकारहरूको उल्लंघनको पुनरावलोकन महासन्धि समितिले गर्दछ । हालसम्ममा ८६ राष्ट्रहरू यस इच्छाधिन आलेखका पक्ष राष्ट्र भएका छन् भने महासन्धिका अन्य ९४ पक्ष राष्ट्रहरू भने यस इच्छाधिन आलेखबाट बाधिएका छैनन् ।

महिलाका अधिकारहरूको सुनिश्चितता तथा अधिकार प्राप्तिको महसुशमा वद्धि गराउने सम्बन्धमा यस आलेखको उच्च महत्व छ । साथै आलेखले महासन्धिको उद्देश्यहरूको बोध गराउने संभाव्यता राख्दछ । अतः यस आलेखले महासन्धिको कार्यान्वयन पक्षलाई सुदृढ पार्न सहयोग पुऱ्याउँदछ ।

यसले महिलाका अधिकारहरूको बोध र मर्यादालाई उच्च राख्दै महिलाको मानव अधिकारहरूको दीर्घकालिन विकास र प्रबर्द्धनलाई सुनिश्चितता प्रदान गर्दछ । यसले पक्ष राष्ट्रहरूलाई विद्यमान विभेदकारी कानुनहरूको पहिचान गर्न र खारेज गर्न तथा महासन्धिका व्यवस्थाहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न प्रोत्साहन गर्दछ । मुख्य रूपमा यस महासन्धिको इच्छाधिन आलेखले महिला विरूद्धका विभेदकारी व्यवस्था सम्बन्धी मानव अधिकारको उच्च मर्यादाको बारेमा सार्वजनिक सचेतना अभिवृद्धि गर्न योगदान पुऱ्याउँदछ ।

## इच्छाधिन आलेखको पृष्ठभूमि

महासन्धि कार्यान्वयनमा आएको एक दशकपछि सन् १९९३ मा भियनामा सम्पन्न भएको संयुक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी विश्व सम्मेलनले महिलाका अधिकारहरूलाई मानव अधिकारको रूपमा स्थापित गर्दै महासन्धि अन्तर्गत उजुरीको वैकल्पिक आवश्यकतालाई उठान गरेको थियो । यसले महिला मानव अधिकारको उच्च आत्मबोध र उनीहरूको अवस्थामा सुधार ल्याउनु तथा ती अधिकारहरूको सुनिश्चितता प्रदान गर्न उजुरीको वैकल्पिक कार्यविधि सम्बन्धी आवश्यकतालाई प्रष्ट उल्लेख गरेको थियो । तत्पश्चात महासन्धिको इच्छाधिन आलेख बनाउने कार्य सुरू भई सन् १९९५ को संयुक्त राष्ट्र संघको महिला सम्बन्धी विश्व सम्मेलनले अन्तर्राष्ट्रिय समुदायलाई महासन्धि अन्तर्गत उजुरी सम्बन्धी अतिरिक्त कार्यविधिलाई अपनाउन गरेको सिफारिस नआउन्जेलसम्म निरन्तर रह्यो ।

सन् १९९७ देखि सन् १९९९ सम्म महिलाको अवस्था सम्बन्धी आयोगको एउटा कार्यदलले निरन्तर छलफल पश्चात् तयार पारेको मस्यौदालाई संयुक्त राष्ट्र संघको महासन्धिले अन्ततः ग्रहण गऱ्यो र १० डिसेम्बर १९९९ बाट अनुमोदनका लागि राष्ट्रहरू समक्ष खुल्ला गऱ्यो । यस महासन्धिको इच्छाधिन आलेखलाई ग्रहण गर्न सरकारी, गैरसरकारी तथा अन्य विद्वानहरूको अत्यन्तै ठुलो योगदान

रहेको छ । जसको परिणाम स्वरूप महिलासँग सम्बन्धित मानव अधिकार सम्बन्धी संयन्त्रको स्थापनाले अन्तर्राष्ट्रिय क्षेत्रमा नै पहिलो हुने सुनिश्चितता पाएको छ ।

**महासन्धि र इच्छाधिन आलेखबीचको अन्तरसम्बन्ध**

महासन्धि र इच्छाधिन आलेख दुवै सन्धिहरू महिलाको मानव अधिकारहरूलाई मजबुत तथा अभिवृद्धि गर्ने रणनीतिका रूपमा छन् । कानुनी दृष्टिकोणबाट यी दस्तावेजहरू कार्यान्वयन सुनिश्चितताको स्थितिमा केही सीमाहरू छन् । वास्तवमा महासन्धि समितिको निर्णय र विचारलाई कार्यान्वयन गर्ने निश्चित सीमाहरू छन्, जुन राज्यको इच्छामा निर्भर रहन्छ ।

- त्यसो भए तापनि महासन्धि र इच्छाधिन आलेख दुवैले महिलाको मानव अधिकारको स्तर विकास गर्न महत्वपूर्ण योगदान दिएको कुरालाई विचार गरिनु पर्दछ । समितिले विकास गरेको विधिशास्त्रलाई महिलाको अधिकारको दाबी र व्याख्या सम्बन्धमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी अदालतमा प्रगतिशील रूपमा प्रयोग गरिन्छ ।
- वैकल्पिक आलेखलाई अनुमोदन गरेका राष्ट्रहरूले महासन्धिले उल्लेख गरेका दायित्वहरूलाई पुरा गर्नेतर्फ आफ्ना कार्यहरूलाई निर्दिष्ट गर्नु पर्दछ । यसले केही समय भित्र नै सन्धि अन्तर्गतका दायित्वहरूलाई कानुनी कर्तव्यको रूपमा स्वीकार योग्य बनाउन मद्दत गरेको छ । यसले राज्यको सन्धि अन्तर्गतको दायित्वलाई पुरा गर्न (यद्यपि त्यस्ता दायित्वहरू आफैमा छलफलद्वारा समाधान नहुने हुन्छन्) छलफलद्वारा समाधान हुन नसक्ने कार्यको दुरीलाई स्पष्ट पार्न सहयोग गर्दछ ।

**उजुरी र सोधपुछ सम्बन्धी कार्यविधि** :

इच्छाधिन आलेखले दुई वटा कार्यवधि स्थापित गरेको छ ।

- सूचना कार्यविधि जसमा महासन्धि समितिले उजुरीलाई पुनरावलोकन गर्दछ र महासन्धिले प्रत्याभुत गरेका अधिकारहरूको हनन भए नभएको निर्णय गर्दछ र पीडितको लागि उपचारको पहिचान गर्दछ, साथै
- जाँचबुझ कार्यविधि जसमा महासन्धि समिति स्वयंले आफ्नो पहलमा गम्भीर वा चरणवद्ध अधिकारको उल्लंघनको सम्बन्धमा जाँचबुझ सुरू गर्दछ ।

यी दुवै उजुरी तथा जाँचबुझ कार्यविधिले महासन्धि समितिलाई निश्चित विषय वा अवस्थामा महिलाको मानव अधिकार उल्लंघनका विषयमा महासन्धिको राष्ट्रिय स्तरमा कार्यान्वयनको अभिवृद्धि गर्न आफ्नो विचार र सुझावहरू दिन सक्ने अधिकार दिएको छ ।

**उजुरी कार्यविधि** :

यस उजुरी विधि एउटा यस्तो संयन्त्र हो, जसमा व्यक्ति वा व्यक्तिहरूको समुहले इच्छाधिन आलेखको क्षेत्राधिकार भित्र रहि महासन्धिले सुनिश्चित गरेका महिलाका अधिकारको उल्लंघनको

आरोपमा महासन्धि समितिको ध्यानाकर्षण गराउँदछ । यो एउटा व्यक्ति वा समूहले खास राज्यद्वारा निर्मित कानुन वा लापरवाहीको कारण अधिकारहरूको उल्लंघनको सम्बन्धमा उपचारको खोजी गर्ने ढाँचामा बनाइएको संयन्त्र हो । इच्छाधिन आलेखलाई समर्थन वा स्वीकार गरेको अवस्थामा राज्यले महासन्धिले निर्दिष्ट गरेका अधिकारहरूको गम्भीर उल्लंघनका सम्बन्धमा महासन्धि समितिको विचार र सुझावहरूलाई लिखित उजुरीको माध्यमबाट पेश गर्नुपर्दछ । यो उजुरी सम्बन्धी कार्यविधि अन्य महासन्धिका कार्यविधिहरू भन्दा फरक छ (जस्तो पक्ष राष्ट्रका प्रतिवेदन वा सोधपुछ कार्यविधि) यो महिलाको उन्नति वा प्रगतिभन्दा व्यक्तिका निश्चित अधिकारहरूको उल्लंघनमा बढी केन्द्रित हुन्छ । यस अर्थमा यो सूचना प्रक्रिया यातना विरूद्धको महासन्धि नागरिक तथा राजनैतिक अधिकार र सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने महासन्धिका प्रक्रियासँग बढी मेल खान्छ ।

### उजुरी कार्यविधिलाई कसरी प्रयोग गर्ने ?

महासन्धिको इच्छाधिन आलेखको २ देखि ७ सम्मका धाराहरूले व्यक्तिगत उजुरी दाखिल गर्ने तथा महासन्धि समितिले उपरोक्त उजुरी उपर विचार गर्ने उल्लेख गरेको छ । शर्त र कायविधि उजुरी सम्बन्धी समितिको कार्यविधि सम्बन्धी नियमको परिच्छेद १६ मा (नियम ५७ देखि ७५) पाउन सकिन्छ । उजुरीको लागि केही निश्चित प्रक्रियाहरू पुरा गर्नु पर्दछ । तबमात्र महासन्धि समितिले मुलभुत विषय माथि विचार गर्न सक्दछ । अन्तिम अवस्थामा मात्र महासन्धि समितिले निर्दिष्ट गरेका आफ्नो विचार र सुझावहरू प्रस्तुत गर्दछ ।

### पहिलो चरण – व्यक्तिगत वा समुहद्वारा उजुरी पेश गरिन्छ

पहिलो कदमको रूपमा औपचारिक उजुरी दाखिल गरिन्छ । धारा २ र ३ ले उजुरी गर्नु भन्दा पहिला यसको ग्राहयता सम्बन्धी व्यवस्था गरेको छ, जसमा कस्ले सूचना प्रक्रिया दाखिला गर्न सक्छ र त्यस्तो प्रक्रिया कस्तो ढाँचामा हुनुपर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

### उजुरी कस्ले प्रस्तुत गर्न सक्छ ?

धारा २ ले स्वयंम वा निजको प्रतिनिधिले वा व्यक्तिहरूको समूहले जो पक्ष राष्ट्रको क्षेत्राधिकार भित्र छ । पक्ष राष्ट्रको दायित्व उल्लंघन गरेको कारणले पीडित भएका सूचना/उजुरी पेश गर्न सक्दछन् ।

### सूचना/उजुरीको ढाँचा

धारा ३ ले त्यस्तो उजुरी लिखित हुनुपर्ने, बेनामे हुन नहुने तथा महासन्धि सम्बन्धमा पक्ष राष्ट्रसँग सरोकार रहेको हुनुपर्ने साथै इच्छाधिन आलेखको पक्ष राष्ट्र हुनुपर्ने भन्ने समेत व्यवस्था गरेको छ ।

### दोस्रो चरण : समितिले उजुरीको ग्राहयता सम्बन्धमा विचार गर्दछ

उजुरीको ग्राहयता सम्बन्धी व्यवस्था आपसी छलफलद्वारा समाधान गर्न नसकिने तथा महासन्धि समितिले आफ्नो विवेकले अस्वीकार गर्न सक्दैन । यदि उजुरी सम्बन्धी चाहिने सम्पूर्ण आवश्यकता पुरा

भएको छ भने समितिले प्रस्तुत निवेदन ग्राहयत योग्य छ वा छैन भन्ने कुराको निर्णय गर्नुपर्दछ । महासन्धि समितिले यस सम्बन्धमा धारा ४ मा निर्दिष्ट गरिएको व्यवस्था अनुसार निवेदन/उजुरी ग्राहयता सम्बन्धी निर्णय गर्दछ । जब त्यस्तो प्रक्रिया पुरा भएको अवस्था छ भने यसको योग्यता सुनुवाई गर्न सक्दछ । महासन्धि समितिले यस सम्बन्धीमा स्थानीय उपचार समाप्त भएको छ कि छैन भन्ने बारेमा केही मान्यता बनाउन सक्छ । यी मुख्य रूपले दुई वटा मापदण्ड हुन्छ :-

- **स्थानीय उपचारको समाप्ति**

  धारा ४(१) ले त्यस्तो उजुरी सबैभन्दा पहिला पक्ष राष्ट्रको आफ्नै न्यायिक प्रक्रिया पार गरेर आएको हुनुपर्ने अपेक्षा गर्दछ । राज्यले महिलाको त्यस्ता उल्लंघन भएका मानव अधिकारको उपचारको लागि स्थानीय स्तरमा नै कानुन, नीति र व्यवहारमा उपचार निश्चित गर्नु पर्दछ । त्यस्तो अधिकारको उललंघन सम्बन्धी निवदेन तब मात्र महासन्धि समितिले लिन्छ जब सम्बन्धित राज्यको सम्पूर्ण स्थानयि उपचारका बाटो समाप्त भएको हुन्छ वा पर्याप्त उपचार प्राप्त गर्न सकेको हुँदैन । तर धारा ४(१) ले महासन्धि समितिलाई स्थानीय उपचार समाप्त नभएता पनि निवेदनको उजुरी स्वीकार गर्ने केही अपवादहरूको व्यवस्था गरेको छ । जसमा त्यस्तो उपचार प्राप्त गर्न अनावश्यक रूपमा लम्वाइएको वा प्रभावकारी सहायता प्रदान गर्न अनिच्छुक देखिएको अवस्थामा समितिले त्यस्तो निवेदनको ग्राहयता स्वीकार गर्न सक्दछ ।

- **उजुरी अस्वीकार्य हुने अवस्था**

  धारा ४(२) ले उजुरीको विभिन्न ५ बुँदाहरूलाई महासन्धि समितिले अग्राध्यताको आधारमा मान्न सक्ने कुरा उल्लेख गरेको छ । ती बुँदाहरू नकारात्मक ढाँचामा तयार पारिएका छन् जसले समितिलाई उजुरीको समाप्तिका सम्बन्धमा चाँडो निर्णय गर्न सहयोग पुऱ्याउँदछ । बुँदा (i) र (v) ले महासन्धि समिति आफ्नो तजबिजलाई नियन्त्रित गर्दछ, जुन विषयवस्तुको सत्यता र तथ्यसँग सम्बन्धित छ । क्षेत्र (ii) देखि (iv) सम्मका बुँदाहरूले भने महासन्धि समितिलाई उजुरी लिन सक्ने तजबिजका सम्बन्धमा त्यसको निश्चित प्रकृति र अवस्थाको बारेमा उल्लेख गरेको छ । उजुरी अस्वीकार्य हुने केही आधारहरू निम्नानुसार छन् :-

  - उहि विषयवस्तुलाई महासन्धि समितिले पहिल्यै परिक्षण गरिसकेको रहेछ अथवा त्यस्तो विषयलाई अन्य अन्तर्राष्ट्रिय अनुसन्धान प्रक्रिया अन्तर्गत परिक्षण भइसकेको भए (धारा ४(२) (१))
  - उजुरी गर्ने अधिकारको दुरूपयोग भएको (धारा ४२(४) अथवा)
  - उजुरीमा उठाइएको घटना पक्ष राष्ट्र उपर इच्छाधिन आलेखमा लागू हुनुभन्दा पहिले घटेको तर पछि त्यस्तो हिंसा निरन्तरता नभएको (धारा ४(२)(v)
  - महासन्धिको व्यवस्थासँग प्रतिकुल नभएको (धारा ४(२)(iii))

**तेस्रो चरण : स्वविवेकीय अधिकार**

समितिले पक्ष राष्ट्रहरूलाई कथित उल्लंनको सम्बन्धमा अन्तरिम उपाय अपनाउन अनुरोध गर्दछ । उजुरी प्राप्त गरेपछि धारा ५ ले महासन्धि समितिलाई आफ्नो तजबिजी अनुसार सम्बन्धित पक्ष राष्ट्रलाई पीडितको अपुरणीय क्षति हुन नदिन वा गम्भीर उल्लंघन रोक्न अन्तरिम उपाय अपनाउन दवाव दिन सक्दछ ।

- अन्तरिम कदम चाल्न कहिले निवेदन दिन सकिन्छ ?
  धारा ५(१) अनुसार अन्तरिम उपाय सम्बन्धी निवदेन त्यस्तो उजुरी प्राप्त भएपछि कुनै पनि समयमा वा त्यस्तो उजुरीको ग्राहयता वा योग्यता सम्बन्धमा महासन्धि समितिले विचार गरिसकेपछि अनुरोध गर्न सक्दछ ।
- अन्तरिम उपायको प्रयोग कहिले गर्ने ?
  धारा ५(१) ले महासन्धि समितिले पक्ष राष्ट्रहरूलाई अन्तरिम उपाय अपनाउन गरेको अनुरोधले उजुरीको ग्राहयता वा योग्यतको निश्चितता प्रदान गर्दैन भन्ने कुरा उल्लेख गरको छ ।

**चौथो चरण: समितिले पक्ष राष्ट्रलाई उजुरी/सूचना पठाउँदछ**

उजुरी/सूचना एक पटक ग्राहय वा योग्य ठहर भइसकेपछि धारा ६(१) ले समितिलाई पक्ष राष्ट्र समक्ष गोप्य रूपमा त्यस्तो सूचना पठाउँदछ । समितिले पक्ष राष्ट्रलाई बुझाउने त्यस्तो उजुरीमा आफ्नो पहिचान खुलाउन उजुरीकर्ताले सहमति दिएको भए उसको पहिचान समेत पक्ष राष्ट्रलाई बुझाउन सक्नेछ ।

**पाँचौ चरण : पक्ष राष्ट्रले अधिकार उल्लंघन भएको दाबी गरेको विषयका सम्बन्धमा व्याख्या वा स्पष्टिकरण उपलब्ध गराउँदछ**

पक्ष राष्ट्रले त्यस्तो उजुरी प्राप्त गरिसकेपछि धारा ७(२) ले ६ महिना भित्र उजुरीको सम्बन्धमा लिखित स्पष्टिकरण वा व्याख्या उपलब्ध गराउनु पर्दछ । पक्ष राष्ट्रले अन्य कुनै उपचार भए महासन्धि समितिलाई त्यस्तो उजुरीको सम्बन्धमा प्रतिवेदन पठाउन सक्दछ ।

**छैठौं चरण : समितिले उजुरीको स्वीकार्यताको सम्बन्धमा विचार गर्दछ**

एक पटक उजुरीसँग सम्बन्धित सम्पूर्ण सूचनाहरू प्राप्त भइसकेपछि महासन्धि समितिले त्यस्तो ग्राहयता सम्बन्धमा प्रक्रिया अघि बढाउँदछ । समितिले व्यक्ति वा व्यक्तिको समूह तथा पक्ष राष्ट्रबाट प्राप्त भएका सम्पूर्ण सूचनाहरूको सम्बन्धमा विचार विमर्श गर्दछ । (धारा ७(१))

- सम्पूर्ण जानकारी/सूचनाहरू सरोकार पक्षलाई पठाइन्छ ।
  धारा ७(१) अनुसार महासन्धि समितिलाई उजुरीका सम्बन्धमा प्राप्त भएका सम्पूर्ण सुचनाहरूलाई सम्बन्धित पक्षहरूलाई समेत प्रेषित गर्नु पर्दछ । यस प्रक्रियाले हरेक पक्षलाई निष्पक्ष रूपमा त्यस्तो सूचनाहरूको जवाफ दिने अवसर प्रदान गर्दछ ।

- समितिले बन्द बैठकहरू गर्दछ ।
  धारा ७(२) अनुसार महासन्धि समितिले सूचनाको सुनुवाई बन्द सत्रमा गर्दछ । जसमा उजुरीकर्ता वा पक्ष राष्ट्रको सहभागिता वा प्रभाव हुँदैन ।

**सातौ चरण : समितिले उजुरीको सम्बन्धमा आफ्नो विचार र सुझावहरु निकाल्दछ**

एक पटक महासन्धि समितिद्वारा उजुरीका सम्बन्धमा निर्णय भइसकेपछि समितिले आफ्नो अन्तिम विचार बनाउँदछ । यदि समितिले उजुरीमा उल्लेख गरिएको अभियोगमा पक्ष राष्ट्रको संलग्नता देखिएको पाइएमा समितिले त्यस्तो उल्लंघनको उपचारको सम्बन्धमा सम्बन्धित पक्ष राष्ट्रलाई आफ्नो दायित्व बारे सुझावहरू दिन सक्दछ । समितिले त्यस्तो सुझावहरूमा निम्न कुराहरू समेट्न सक्दछ ।

- हर्जाना, क्षतिपूर्ति, पुर्नस्थापना अथवा अन्य उपचारहरू,
- पीडित विरूद्ध भइरहेको निरन्तर हिंसालाई रोक्ने,
- महासन्धिको उल्लंघन गर्ने कानुनको संशोधन वा नीति कार्यक्रममा परिवर्तन गर्ने,
- पुनः त्यस्तो उल्लंघन दोहोरिन नदिन उठाउनु पर्ने कदम, धारा ७(३) ले समितिलाई आफ्नो विचार र सुझावहरू पक्ष राष्ट्रहरू समक्ष प्रेषित गर्ने अधिकार प्रदान गर्दछ ।

**आठौं कदम : पक्ष राष्ट्रले समितिद्वारा प्रेषित विचार र सुझावहरुको जवाफ दिन्छ**

एक पटक महासन्धि समितिले आफ्नो विचार तथा सुझावहरू पक्ष राष्ट्रलाई पठाइसकेपछि धारा ७(४) अनुसार पक्ष राष्ट्रले त्यस्तो विचार र सुझावहरू माथि उचित ध्यान पुऱ्याउनु पर्दछ । त्यस्को अतिरिक्त पक्ष राष्ट्रले आगामी ६ महिना भित्र विवरण सहित लिखित जवाफ समितिलाई पठाउनु पर्दछ ।

**नवौं कदम (स्वविवेकीय) : समितिले पक्ष राष्ट्रलाई दिएको विचार र सुझावहरुका सम्बन्धमा अनुगमन ( तोकता) गर्दछ**

पक्ष राष्ट्रले उजुरीको सम्बन्धमा पठाइएको विचार र सुझावको बारेमा लिखित जवाफ पठाइसके पश्चात् पनि समितिले आफ्नो स्वविवेकमा त्यस्ता सुझावका सम्बन्धमा गरिएका अन्य उपायहरूको जानकारीको लागि जवाफ पठाउन अनुरोध गर्न सक्ने अधिकार धारा ७(५) ले महासन्धि समितिलाई प्रदान गरेको छ ।

## जाँचबुझ कार्यविधि

जाँचबुझ कार्यविधि त्यस्तो संयन्त्र हो, जसअन्तर्गत महासन्धि समितिले महासन्धिमा निर्दिष्ट गरिएका अधिकारहरूको गम्भीर वा चरणवद्ध उल्लंघन सम्बन्धमा आप्नो टिप्पणी र सुझावहरू प्रस्तुत गर्दछ । समितिले पक्ष राष्ट्रको कुनै कार्य वा लापरवाहीको कारण गम्भीर वा चरणवद्ध अधिकारको उल्लंघनको सम्बन्धमा जाँचबुझ गर्न सक्दछ । जाँचबुझ विधि त्यस्तो संयन्त्र हो जसले महासन्धि समितिलाई महासन्धिको क्षेत्राधिकार भित्र रहेका पक्ष राष्ट्र माथि महिलाको मानवअधिकारको व्यापक उल्लंघनका सम्बन्धमा वृहत्तर छानबीन गर्न बल प्रदान गर्दछ ।

'गम्भीर' उल्लंघन भन्नाले कठोर दुर्व्यवहारहरूलाई जनाउँदछ (जस्तो, महिलाको जीवनको अधिकार शारीरिक तथा मानसिक, सुरक्षा जस्ता अधिकारको विभेद र उल्लंघन) एउटै उल्लंघनको घटना पनि यसको प्रकृती अनुसार गम्भीर हुन सक्दछ भने एउटा उल्लंघनको घटनाले अन्य कैयो अधिकारहरूको समेत उल्लंघन भइराखेको हुन्छ । महासन्धि समितिले गम्भीर उल्लंघनको अवस्थाको एउटै जाँचबुझलाई पनि उपयुक्त ठान्न सक्छ, (जस्तो दुई सय आमा र तीनका बालबच्चखाहरूलाई सार्वजनिक घरबाट बलपूर्वक निकालिएको अवस्थामा एउटै जाँचबुझ प्रक्रियाले सम्बोधन गर्न सक्दछ ।

'चरणवद्ध' शब्दले उल्लंघनको विद्यमानता अथवा आकारलाई जनाउँछ तथा यसले उल्लंघनलाई निर्देशित गर्ने योजना अथवा नीतिलाई समेत बुझाउँदछ । यसले गम्भीर उल्लंघनको कारण उल्लंघनको कठोरतामा वृद्धि हुने कुरामा नभई गलत योजना वा नीतिको कारणले हुने उल्लंघनलाई बुझाउँदछ । यस्तो उल्लघंन क्रमबद्ध हुन्छ तथा राज्यको प्रत्यक्ष गलत मनसाय नभए तापनि नियमित उल्लंन भइरहेको हुन्छ (जस्तो सरकारको नीति गाउँमा जनसंख्यालाई नियमित गर्ने हुन्छ, जसले परिवार नियोजनलाई समुदायमा लागू गर्दछ तर त्यस्तो कार्यमा आदिवासी महिलाहरूको स्वतन्त्र सहमति लिइएको हुँदैन ।)

सोधपुछ कार्यविधिले महासन्धि समितिमा भइरहेको गम्भीर प्रकारका उल्लंनका घटनाहरूमा समयमा नै पक्ष राष्ट्रहरूलाई नै जवाफदेही बनाउन अधिकार दिन्छ (जस्तो दंगामा आममहिला माथि हुने बलात्कार अथवा महिला अधिकार रक्षकहरूलाई बेपत्ता बनाउने वा हत्या गर्ने) यसले जहाँ महिलाको मानव अधिकारको व्यापक उल्लंघन भएको छ (अथवा जहाँ व्यक्ति वा समूह त्यस्तो उजुरी प्रेषित गर्न व्यवहारिक कठिनाई वा बदला वा प्रतिसोधको डरले असक्षम छ) त्यहाँ व्यक्तिगत उजुरी प्रक्रिया अनुपयुक्त भएको अवस्थामा त्यस्तो अवस्थालाई सम्बोधन गर्ने साधनको रूपमा बल प्रदान गर्दछ ।

महासन्धिको इच्छाधिन आलेखले यसका कुनै धाराहरूमा राष्ट्रलाई आरक्षण राख्ने अनुमती दिदैन । यद्यपि धारा १० को व्यवस्थाले भने पक्ष राष्ट्रहरूलाई इच्छाधिन आलेखको हस्ताक्षर/अनुमोदन सम्मिलनको समयमा जाँचबुझ कार्यविधिलाई आरक्षण राख्न सक्नेअ धिकार प्रदान गरेको छ । यसको मतलव यसको अनुमोदन वा प्रवेशको समयमा पक्ष राष्ट्रहरूले महासन्धि समितिलाई जाँचबुझ प्रक्रियाअन्तर्गत गम्भीर वा नियमित रूपमा हुने महिलाका मानवअधिकार उल्लंघनको अनुसन्धान वा अनुगमनको लागि क्षेत्राधिकार प्रदान नगर्न सक्दछ ।

सो कार्यलाई जाँचबुझ कार्यविधिमा पक्ष राष्ट्र आरक्षण राखेको जनाउँदछ । यसलाई इच्छाधिन आलेख भनेर जानिन्छ । यस्तो आरक्षण कुनै पनि समय राष्ट्र संघका महासचिवलाई जानकारी दिएर हटाउन सकिन्छ ।

मुख्यतया महासन्धि समितिले जाँचबुझ विधि अन्तर्गत निम्न कार्य गर्न सक्छ ।

- चरणवद्ध तथा व्यापक उल्लंघनका घटनाहरूलाई सम्बोधन गर्ने,
- महिला विरूद्धका विभेदजन्य संरचनात्मक कारणहरू विरूद्ध उठाउन सकिने उपायहरूको सिफारिस गर्ने,
- महिला र पुरूषबीचको समानता प्राप्त गर्न बृहत सुझावहरूको सिफारिस गर्ने ।

**जाँचबुझ कार्य विधि कसरी प्रयोग गर्ने ?**

इच्छाधिन आलेखको धारा ८ र ९ ले महासन्धि समितिले पक्ष राष्ट्रले गम्भीर र नियमित उल्लंघनका घटनामा गर्नुपर्ने महासन्धिका दायित्वका सम्बन्धमा जाँचबुझ गर्न चाल्नुपर्ने कदमहरूको उल्लेख गरेको छ । ती कदमहरू कार्यविधि सम्बन्धी नियमको परिच्छेद हृख्क्ष (नियम ७६ देखि ९१) सम्म उल्लेख गरिएको छ । जहासम्म यो विधि उजुरी विधि भन्दा कम औपचारिक छ र इच्छाधिन आलेख नै समितिले कसरी जाँचबुझ गर्न सक्छ भन्ने कुरा स्पष्ट परिभाषित गरिएको छ ।

**पहिलो चरणः समितिले पक्ष राष्ट्रको क्षेत्राधिकार भित्र गम्भीर र चरणवद्ध रुपमा महिला अधिकार उल्लंघनका कार्य भएको भरपर्दो सूचना ग्रहण गर्दछ**

यस्तो सूचना कुनै विशिष्ट ढाँचामा हुनुपर्दछ भन्ने छैन । यस्तो सूचना मौखिक वा लिखित, व्यक्तिद्वारा वा सम्बन्ध नै नभएका समुह वा सरोकारवाला पक्ष राष्ट्रबाट प्राप्त गर्न सक्छन् । त्यस्तो सूचनामा हुनुपर्ने मुख्य आवश्यताको सम्बन्धमा धारा ८(१) ले उल्लेख गरे अनुसार भरपर्दो हुनुपर्दछ ।

**दोस्रो चरण : समितिले पक्ष राष्ट्रलाई सूचनाको परिक्षण र जवाफको लागि आमन्त्रित गर्दछ**

गम्भीर उल्लंघन सम्बन्धी सूचना प्राप्त भइसकेपछि समितिले पक्ष राष्ट्रलाई सूचनाको मूल्यांकन गर्ने कार्यमा सहभागीताको लागि आमन्त्रण गर्दछ । अथवा समितिलाई उल्लंघनका सम्बन्धमा आफ्नै मूल्यांक्न प्रस्तुत गर्न अनुरोध गर्दछ । (धारा ८(१))

**तेस्रो चरण : समितिले उल्लंघनको विश्वसनियतामा विचार विमर्श गर्दछ**

महासन्धि समितिले पक्ष राष्ट्रको मूल्यांकन वा प्राप्त अन्य सूचनाको आधारमा सूचनाको विश्वसनियता माथि विचार गर्दछ । (धारा ८(२)

**चौथो चरण : यदि महासन्धि समितिलाई प्राप्त सूचना विश्सनियता छ भन्ने लागेमा समितिले जाँचबुझ सुरु गर्दछ**

धारा ८(२) अनुरूप महासन्धि समितिलाई आफ्नै तजबिजमा एक वा सोभन्दा बढी सदस्य रहेको जाँचबुझ गर्ने संयन्त्रको निर्माण गर्न सक्दछ, जसले आफ्नो निर्णयको सम्बन्धमा समितिलाई पछि प्रतिवेदन पेश गर्नु पर्दछ । आवश्यकता भए जाँचबुझको लागि सम्बन्धित पक्ष राष्ट्रको स्वीकृति लिएर त्यस राष्ट्रको भ्रमण पनि गर्न सक्दछ । त्यस्तो भमणको सम्बन्धमा निम्न कुरा माथि जोड दिइन्छ ।

- गोपनियता - धारा ८(५) ल त्यस्तो जाँचबुझको गोपनियता कायम गर्न जोड दिन्छ ।
- पक्ष राष्ट्रको सहयोग - धारा ८(५) ले त्यस्तो जाँचबुझ कार्यविधिका लागि आवश्यक सम्पूर्ण सहयोग पुऱ्याउन पक्ष राष्ट्रमाथि जोड दिन्छ ।

**पाँचौ चरण : समितिले आफ्नो निष्कर्षलाई पक्ष राष्ट्र समक्ष पठाउँदछ**

उल्लंघन सम्बन्धी सम्पूर्ण जाँचबुझ सकिए पश्चात् धारा ८(३) अनुसार समितिले यसको निष्कर्ष, टिप्पणी र सुझावहरू पक्ष राष्ट्र समक्ष पेश गर्न सक्छ । समितिले त्यस्तो निष्कर्ष उपलब्ध सुचनामा आधारित भएर बनाउन सक्दछ ।

**छैठौं चरणः पक्ष राष्ट्रले समितिको निष्कर्ष माथि आफ्नो टिप्पणी प्रेषित गर्दछ**

धारा ८(४) ले पक्ष राष्ट्रलाई समितिले दिएको निष्कर्ष टिप्पणी र सुझावहरू माथि आफ्नो मूल्यांकन प्रस्तुत गर्न सक्ने अधिकार दिएको छ ।

**सातौ चरण : (स्वविवेकीय) समितिले निकालेको निष्कर्ष अनुसार पक्ष राष्ट्रले अपनाएको कदम वा उपायको बारे प्रतिवेदन बुझाउन अनुरोध गरिन्छ**

महासन्धि समितिले आफ्नो तजबिजको प्रयोग गरेर समितिको निष्कर्षका सम्बन्धमा अपनाइएका उपायहरू सम्बन्धी प्रतिवेदन पेश गर्ने पक्ष राष्ट्रलाई अनुरोध गर्दछ । पक्ष राष्ट्रले त्यस्तो प्रतिवेदनमा निम्न कदमहरूलाई अवलम्बन गर्न ।

- **पक्ष राष्ट्रद्वारा समितिलाई प्रतिवेदन बुझाउने**
  महासन्धि समितिले पक्ष राष्ट्रले लिएका उपायहरू बारे प्रतिवेदन पेश गर्न अनुरोध गर्दछ र त्यस्तो प्रतिवेदन महासन्धिको धारा १८ बमोजिम पछि बुझाउनु पर्ने प्रतिवेदनको दायित्व अन्तर्गत पनि बुझाउन सक्दछ ।
- **अनुगमन (तोकता जवाफ)**
  महासन्धि समितिको निष्कर्षमा पक्ष राष्ट्रले पेश गर्नुपर्ने आफ्नो मूल्यांकन बुझाएको ६ महिनापछि समितिले जाँचबुझ सम्बन्धमा पक्ष राष्ट्रद्वारा उठाइएको उपायहरूको सूचना पेश गर्न अनुरोध गर्न सक्छ ।

## उपचार र सुझावहरु

अन्ततः कुनै पनि मुद्दालाई महिला महासन्धिको इच्छाधिन आलेख संयन्त्र भित्र ल्याउनुको एक मात्र उद्देश्य पीडितलाई राष्ट्रिय स्तरमा कस्ता खालको उपचारहरू उपलब्ध हुनुपर्दछ भन्ने कुरामा महासन्धि समितिको सुझावहरू प्राप्त गर्नु हो । त्यसैगरी इच्छाधिन आलेखको उद्देश्य भनेको महासन्धि समितिले निर्दिष्ट गरेका महिलाका मुलभुत अधिकारहरूलाई उजुरी वा जाँचबुझको माध्यमबाट व्यवहारमा उतार्नु हो ।

## उजुरी कार्यविधि अन्तर्गत

यदि महासन्धि समितिले इच्छाधिन आलेख अन्तर्गतका अधिकारको उल्लंघन भएको निष्कर्ष निकालेमा समितिले पेश गरेका सुझावहरूलाई पक्ष राष्ट्रले उपायको रूपमा अवलम्बन गर्नु पर्दछ ।

**पीडितलाई उपलब्ध गराउने उपायहरुमा निम्न कुराहरु समावेश हुन्छन्**

- अन्तरिम निर्देशन र भइरहेको उल्लंघन रोक्न तथा भविष्यमा पुनः त्यस्तो उल्लंघन घट्न नदिन चाल्नुपर्ने कदम वा आदेश ।
- पीडितलाई अधिकारको उल्लंघन हुनुभन्दाको पुर्वअवस्था ल्याउन वा पुर्नस्थापना गर्न चाहिने आवश्यक कार्य,
- पीडितको विवादको व्यवस्थापन, क्षतिपूर्ति वा पुर्नस्थापना
- पुनः सुनुवाई
- पीडितको अधिकार सुनिश्चित गर्न स्थानीय अदालतको आदेशको कार्यान्वयन र
- कानुनको पुनरावलोकन र मुद्दामा विवादित प्रशासकीय निर्णय तथा नीतिको पुनरावलोकन

**सार्वजनिक सरोकार संलग्न भएको विषयमा पीडितलाई उपलब्ध उपचारहरु**

- भविष्यमा पुनः त्यस्तो उल्लघंन हुनबाट बच्न आदेश, निर्देशन र नीतिहरूको विकास
- उस्तै प्रकारका उल्लंघनलाई प्रभावकारी ढंगबाट सम्बोधन, पेश गएिको उपाय र कदमहरू स्वीकार ।
- महासन्धिमा निहित अधिकारको निर्विवाद प्रयोग, पहिचान र उपभोगको लागि आवश्यक कदम र उपाय ।
- महासन्धिको व्यवस्थासँग असंगत कानुनहरूको संशोधन र पुनरावलोकन,
- केही क्षेत्रहरूमा अस्थायी विशेष उपाय अपनाउने (जस्तो संसदमा कोटा प्रणाली)
- महासन्धिले निर्दिष्ट गरेका सम्पूर्ण अधिकारहरूकोलाई न्यायिक अधिकारको रूपमा मान्यता,
- कानुनको अभावमा उल्लंघन भइरहेका अधिकारको सुनिश्चितको लागि नयाँ कानुनको निर्माण,
- नीजि वा सार्वजनिक अभियन्ताद्वारा हुने विभेदजन्य कार्यको निन्दा, सजाय र नियन्त्रण सम्बन्धी कदम उठाउन,
- पीडितलाई यथोचित सहयोग (जस्तो वासस्थान, परामर्श सेवा र निःशुल्क कानुनी सेवा)

## जाँचबुझ कार्यविधिअन्तर्गत

**सार्वजनिक सरोकारको विषय समावेश भएको पीडितलाई उपलब्ध हुन सक्ने उपचारहरु**

- महिलाको मानव अधिकारको गम्भीर वा चरणबद्ध उल्लंघनलाई सम्बोधन गर्ने आदेश, अनुगमनका लागि निर्देशिका र नीतिहरू तथा पूर्व चेतवानी वा नियमित उस्तै प्रकारका उल्लंघनलाई पुनः भविष्यमा दोहोरिन नदिन आवश्यक कदम चाल्ने । यसमा व्यापक रूपमा उठेका मुद्दाहरूलाई सम्बोधन गर्ने कानुनी तथा प्रशासकीय उपायहरू पर्दछन् । जसमा सरोकारवाला निकायको क्षमता अभिवृद्धि तथा बजेटको बाँडफाँड आदि समेत पर्दछ ।
- महासन्धिले निर्दिष्ट गरेको व्यवस्थाहरूसँग असंगत कानुनी व्यवस्थाको पुनरावलोकन तथा संशोधन,

- आवश्यकता अनुसार नयाँ कानुनको निर्माण,
- अनुसन्धान पद्धतिलाई प्रभावकारितामा वृद्धि तथा लैङ्गिक दृष्टिकोणलाई अनुसन्धान पद्धति भित्र समावेश,
- सार्वजनिक सुविधाहरू जस्तो कारागार आदिमा नियमित निरीक्षण
- राष्ट्रिय महिला आयोग तथा मानवअधिकार आयोग जस्ता राष्ट्रिय संयन्त्र निर्माण,
- निश्चित क्षेत्र वा विषयमा अस्थायी रूपमा विशेष कदमहरूको अवलम्बन,
- महिलालाई सहायता प्रदान गर्ने कार्यक्रम वा केन्द्रको स्थापना जस्तो, कानुनी सहायता केन्द्र,
- महासन्धिले निर्दिष्ट गरेका अधिकारहरूलाई न्यायिक अधिकारको रूपमा मान्यता ।
- निजी वा सार्वजनिक अभियन्ताद्वारा हुने विभेदजन्य कार्यको निन्दा, सजाय र नियन्त्रण सम्बन्धी कदम,
- पीडितलाई न्यायको पहुँचको लागि कानुनी तथा अन्य सहयोगको व्यवस्था,
- समितिको सुझावहरूको कार्यान्वयनको लागि कार्यगत योजनाको निर्माण तथा नागरिक समाजद्वारा संचालित संस्थाहरूसँगको सहकार्यमा जोड,
- समितिका सुझावहरूको कार्यान्वयनका लागि सरकारलाई सुझाव पेश गर्न निश्चित समय तालिकाको निर्धारण ।

**असर :**

राष्ट्रहरूले महासन्धि र इच्छाधिन आलेखको दायित्वलाई स्वीकार गरे पश्चात महासन्धिद्वारा प्रदत्त अधिकारहरूको उल्लंघन भएको अवस्थामा उपचारको कानुनी दायित्वलाई स्वीकार मानिन्छ । तथापि महिला महासन्धि समिति आफैमा न्यायिक निकाय नभई यसले पक्ष राष्ट्रलाई सिफारिससम्म गर्दछ । सार्वभौम राज्यले महासन्धि समितिले दिएको निर्देशन तथा सुझाव लागू गर्न बाध्य नभए तानि अन्तर्राष्ट्रिय कानुनका विद्वानहरू तथा संयुक्त राष्ट्र संघीय विशेषज्ञहरू के कुरामा सहमत छन भने समितिले दिएको निर्देशन/सुझाव कार्यान्वयन गर्न राष्ट्रलाई नैतिक दवाव रहेको हुन्छ ।

उजुरी उपर दिइने कडा निर्देशन भन्दा पक्ष राष्ट्रहरूले उपचार तथा सुझावहरूको कार्यान्वयन निरन्तर गरिने छलफल तथा सूचनाबाट बढि प्रभावकारी रहन्छ । महासन्धिद्वारा सिर्जित सम्पूर्ण दायित्वहरू पालन गर्न स्वीकार गरेका राष्ट्रहरूले समितिले दिएको सुझावको कार्यान्वयन गर्नु पनि नैतिक दायित्व रहेको हुन्छ । महिला महासन्धि समिति समक्ष गरिने महिलाको मानव अधिकार सम्बन्धी उल्लंघन सम्बन्धी मुद्दाहरू बढ्दो उजुरीहरूले महासन्धिद्वारा परिकल्पना गरिएको अधिकारको उल्लंघनको सम्बन्ध विस्तृत एंव स्पष्ट परिभाषाको उजागर गर्नेछ । त्यस्ता अधिकारहरूको उल्लंघनका घटनाहरू महासन्धिद्वारा प्रदत्त एक वा बढी अधिकारसँग सम्बन्धी पनि हुन सक्छ साथै सुझावहरू पनि घटनासँग सम्बन्धी वा एकभन्दा बढी हुन सक्दछ । त्यसकारण प्रायसः सबै पक्ष राष्ट्रहरूले लैङ्गिकतामा आधारित विभेद तथा विभेदको अवधारणालाई निषेध गर्ने सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था गरेका हुन्छ । साथै यसै प्रक्रियाको माध्यमबाट घटनाहरूको अनुसन्धान तथा लेखवद्ध गर्ने र त्यस्ता उल्लंघनको घटनामा न्यायको सुनिश्चितता दिलाउने र अधिकारहरूलाई मान्यता दिने विषयमा महासन्धि प्रदत्त

अधिकारको व्याख्या गरिन्छ । त्यस्ता अभिलेखहरूले पक्ष राष्ट्रहरू भित्रै समानतामा आधारित कानुन निर्माण गर्ने, कार्यान्वयन र न्यायिक व्याख्याको लागि महत्वपूर्ण भूमिका खेल्नेछ ।

पक्ष राष्ट्रहरू अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुनहरूले सिर्जित दायित्वहरू पालन असक्षम भएको भन्ने समितिको सुझावलाई अन्तर्राष्ट्रिय मञ्चमा महासन्धि समितिले दिएको सिफारिस तथा सुझावहरूलाई मान्यता दिइन्छ । यस्तो परिस्थितिमा राष्ट्रिय अदालत तथा संयन्त्रहरूको प्रयोग गर्नु बढी प्रभावकारी हुन्छ । अर्को परिस्थिति महिलाको मानव अधिकार उल्लंघन घटनाहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सार्वजनिक रूपमा उठाउने सवालमा नागरिक समाजलाई स्थानीय स्तरमै सचेत गर्ने र परिचालन गर्ने कार्य बढी उपयुक्त हुन्छ जसले गर्दा पक्ष राष्ट्रहरूले ती विषयहरूलाई सम्बोधन गर्नु बाध्य हुन्छ । महासन्धिको कार्यान्वयनले स्थानीय र राष्ट्रिय स्तरमा महिलाको विकासमा महत्वपूर्ण योगदान दिन सक्नेछ ।

के कुरा संधै ख्याल राखिनु आवश्यक छ भने पक्ष राष्ट्रहरू महासन्धिद्वारा सिर्जित दायित्वको परिपालना गर्न बाध्य हुन्छन् साथै महासन्धि समितिले गरेको व्याख्या अधिकारिक हो । महासन्धि समितिको सुझावहरूको कार्यान्वयनको लागि नागरिक समाजद्वारा गरिने जनचेतना तथा वकालत कार्यले नै महासन्धि अन्तर्गत सिर्जित दायित्वको पालना राज्यलाई जवाफदेही बनाउने महत्वपूर्ण माध्यम हुन सक्दछ । साथै यो कुरा महत्वपूर्ण छ कि समितिको सुझावलाई व्यक्ति विशेष उजुरीको रूपमा हेरिनु हुँदैन बरू यसलाई कुनै घटना विशेषको उजुरी भन्दा बाहिर गई दुरगामी असरको रूपमा हेरिनु पर्दछ । सुझावलाई प्रभावकारी रूपमा कार्यान्वयन गरियो भने इच्छाधिन आलेखको कार्यविधिले परिवर्तनको लागि उत्साहित र प्रभावकारी हुन सक्छ ।

**प्रशासन**

जाँचबुझ प्रक्रिया र उजुरीको व्यवस्थापनको सम्बन्धमा महिला महासन्धि समिति र यसको सचिवालय (महिला विकास विभाग) जवाफदेही हुन्छ । जाँचबुझ तथा उजुरी उपरका कार्यविधिलाई प्रभावकारी बनाउने अर्धन्यायिक निकाय कार्यको लागि महासन्धि समितिले सदस्यका अतिरिक्त सचिवालयलाई तोक्न सक्दछ । सबै घटनाहरूमा महासन्धि समितिका सदस्यहरू र सचिवालयको बीचमा निरन्तर गरिने प्रतिवेदन पद्धतिले महासन्धि समितिको प्रशासनलाई सुनिश्चित बनाएको छ । यसको अतिरिक्त महासन्धि समितिले इच्छाधिन आलेख अन्तर्गत जाँचबुझ र उजुरीको कार्यविधिलाई व्यवस्थित गर्न स्पष्ट निर्देशिकाको अनुशरण गर्दछ । ती निर्देशिकाहरूलाई कार्यविधि नियमको रूपमा लिइन्छ ।

## प्रायश सोधिने प्रश्नहरु

### सूचना कार्यविधि

**प्रश्न : कस्ले सूचना दिन सक्छ ?**

**उत्तर** : कुनै घटना वा घटनाहरूबाट पीडित व्यक्तिले व्यक्तिगत रूपमा वा व्यक्तिहरूको समूहबाट सामुहिक रूपमा उजुरी दिन सक्दछन । अर्थात् -

- महासन्धिद्वारा प्रदत्त अधिकारहरू उल्लंघन भएको अवस्था व्यक्तिले व्यक्तिगत रूपमा उजुरी दिन सक्दछ,
- व्यक्तिहरूको सामुहिक रूपमा महासन्धिद्वारा प्रदत्त अधिकारको उल्लंघन भएको अवस्था व्यक्तिहरूको समूहले नै
- व्यक्तिहरू समूह नै त्यस्तै क्रियाकलापबाट पीडित छन् तर व्यक्तिहरू समूह निकै ठुला भएको अवस्थामा अथवा नामको पहिचान दिंदा सुरक्षाको चुनौती हुने परिस्थितिमा सबै पीडितहरूको सहमति लिनु अव्यवहारिक हुने परिस्थितिमा र
- सामुहिक रूपमा सोही क्रियाकलापबाट पीडित छन् भने (जस्तै महासन्धिद्वारा प्रदत्त महिला अधिकारको प्रबर्द्धन गर्न र संगठित क्रियाकलाप गर्न राज्यद्वारा नियन्त्रण गरिएको महिलासँग सम्बन्धित गैरसरकारी संस्थाहरू ।

**प्रश्न : के पीडितको तर्फबाट उजुरी दिन सकिन्छ ?**

**उत्तर** : पीडितले अख्तियारी दिएको प्रतिनिधिले पीडित वा पीडितहरूको तर्फबाट सूचना दिन सक्दछ । त्यस्तो प्रतिनिधि अख्तियार प्राप्त कानुन व्यवसायी, पारिवारिक सदस्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा अन्य कुनै हुन सक्दछ ।

**प्रश्न : पीडितको तर्फबाट उजुरीहरु पेश गर्नआवश्यक पर्ने कुराहरु के के हुन् ?**

**उत्तर** : सामान्यतया पीडित वा पीडितहरूको तर्फबाट उजुरी दिंदा पीडित वा पीडितहरूको सहमति हुनु आवश्यक छ । त्यस्तो प्रतिनिधित्व गर्नेले पीडित वा पीडितहरूको सहमति प्रमाणको रूपमा कानुनी प्रतिनिधित्वको सम्झौतापत्र अख्तियारनामा अथवा अख्तियारी तोकिएको अन्य कुनै लिखित दस्तावेज पेश गर्नु पर्दछ ।

**प्रश्न : पीडित वा पीडितहरुको सहमति बिना नै कहिले उजुरी दिन सकिन्छ ?**

**उत्तर** : पीडित वा पीडितहरूको तर्फबाट सूचना दिएको भने कुराको न्यायोचित तरिकाले प्रमाणित गर्न सकिने स्थितिमा पीडितको सहमति बिना नै सूचना दिन सकिन्छ उदाहरणको लागि कुनै सक्रियता वादी व्यक्ति वा संस्थाले पीडितहरूको कुनै समुदाय, व्यक्तिहरूको ठुलो समूहको तर्फबाट सहमति लिनु संभव छैन भन्ने निम्न तर्कहरूको विद्यमानतामा हुनु पर्दछ ।

- प्रत्येक पीडितहरूको सहमति लिनु अव्यवहारिक हुन्छ भने,

- यदि पीडितले आफ्नो तर्फबाट सूचना दिन सहमति दिंदा उनले खराब व्यवहारको जोखिमको सामना गर्नुपर्ने शारीरिक वा आर्थिक क्षति पुग्न सक्ने स्थितिको विद्यमान रहेको छ भने,
- यदि पीडित वा पीडितहरू नजरबन्दमा रहेको स्थिति वा अन्य कुनै कारणले थुनामा रहेको अवस्थामा वा गम्भीर अवस्थताको कारणले अथवा सहमति दिन कानुनी रूपमै अनुमति नभएको परिस्थितिमा पीडितले सहमति दिन असमर्थ रहेको स्थितिमा,
- अन्य कुनै कारणवश पीडितको सहमति लिनु तर्कसंगत एंव मनासिव ।

**प्रश्न : के सन्धि समितिलाई उजुरी दिन पीडित र पीडितको प्रतिनिधित्व गर्ने व्यक्ति पक्ष राष्ट्र क्षेत्राधिकार भित्रकै हुनुपर्दछ ?**

**उत्तर**: छैन । तर पनि घटना घटदाको समयमा पीडित पक्ष राष्ट्रको क्षेत्राधिकार भित्रै रहेको हुनुपर्दछ । परिस्थितिवश पीडित पक्ष राष्ट्रमा नरहेको स्थिति पनि हुन सक्दछ जस्तैः पक्ष राष्ट्रले अर्को देशमा रहेका आफ्नो नागरिकहरू विरूद्ध अधिकारको उल्लंघन गरिएको वा वैधानिक रूपमा प्रवेश नगरेका महिलाहरू विरूद्ध अध्यागमन कार्यालयको नियन्त्रणमा रहेको अवस्थामा । अन्तर्राष्ट्रिय कानुनले राज्यको क्षेत्राधिकारलाई राज्यको सीमा भित्र सीमित नगरिकन यस्ता घटनाहरू कुनै पक्ष राष्ट्रको सीमा भित्रै घटेको हुनुपर्दछ भन्ने मान्दैन । त्यसैगरी पीडितको प्रतिनिधित्व पनि सम्बन्धी पक्ष राष्ट्रको क्षेत्राधिकार भित्रै हुनुपर्दछ भन्ने छैन ।

**प्रश्न : के अन्य देशका अभिलेखवद्ध नभएका (गैरकानुनी आप्रवासी) कामदारहरु पनि राज्यको क्षेत्राधिकार भित्र पर्दछन् ?**

**उत्तर** : पर्दछन । त्यस्ता कामदारहरूले जहाँ काम गरी राखेको हुन्छन त्यस राष्ट्रद्वारा अथवा निजी तह समेत उनीहरूको अधिकार उल्लंघन भएको अवस्थामा सोही राष्ट्रको क्षेत्राधिकार भित्रकै मानिन्छ । जस्तैः शरणार्थीको अधिकार उल्लंघन ।

**प्रश्न : कुनै व्यक्ति हिंसाबाट पीडित हो भन्ने कुराको निर्धारण गर्ने मापदण्ड के हो ?**

**उत्तर** : उनीले के कुरा तर्कसगत रूपमा प्रयत्न गरेको देखाउनु पर्दछ भने :-

- पक्ष राष्ट्रले गरेका वा नगरेको कार्यबाट महासन्धिद्वारा प्रदत्त अधिकारको उपभोग गर्न प्रतिकुल असर पारेको,
- त्यस्तो हिंसाको वास्तविक चेतावनी छ र पक्ष पक्ष राष्ट्रबाट गरिने त्यस्तो कार्य वा उपेक्षाबाट हिंसा हुन सक्दछ भने

**प्रश्न : राज्यको उपेक्षाबाट हिंसा भएको छ भन्ने कुराको कसरी पहिचान गर्ने ?**

**उत्तर** : राज्यको उपेक्षाको कारण महिला उपर हिंसा भएको छ भन्ने कुराको पहिचानको लागि सन्धि समितिले महासन्धिले सिर्जित गरेको दायित्व अनुसार पक्ष राष्ट्रले साधारण वा विशेष खालका

उपायहरूको अवलम्बन गरेको छ वा छैन भन्ने कुराको आधारमा विश्लेषण गर्दछ । पक्ष राज्यका २ किसिमका दायित्वहरू हुन्छन :-

- विशेष उपायहरूको अवलम्बन गर्नुपर्ने दायित्व (उदाहरणको लागि महिलालाई सम्पत्तिको प्रचलन (स्वामित्व) मा समान अधिकार प्रदान गर्ने कुरा) र
- राज्य पक्षले छनौट गरेका विशेष उपायहरूबाट सार्थक परिणाम प्राप्त गर्ने दायित्व (उदाहरणको लागि स्वास्थ्य हेरचाहको क्षेत्रमा महिलाहरू विरूद्ध विभेदलाई हटाउने कुरा)

यदि महासन्धिका एक वा बढी धाराहरूको सिर्जित दायित्वहरू पुरा गर्न पक्ष राज्यले अवलम्बन गर्ने उपायहरूमा असफल रहेको अवस्थामा महासन्धि समितिले कारवाही अगाडि बढाउने सम्बन्धमा समितिले निर्णय गर्न सक्छ ।

**प्रश्न : पक्ष राष्ट्रले गर्नुपर्ने कार्य एंव कर्तव्य सम्बन्धमा सन्धि समितिले कसरी निर्णय लिन्छ ?**

**उत्तर** : सन्धि समितिले महासन्धि विशेषधारको भाषालाई व्याख्या गर्नेछ साथै अन्य मानव अधिकार सम्बन्धी दस्तावेज समान किसिमका धाराहरूको विश्लेषण र व्याख्या समेतलाई विचार गर्नेछ । समितिले महासन्धिको धारासँग समान प्रकारका विभिन्न महासन्धिका व्यवस्थाहरूमा स्थापित भएका व्याख्या, अन्तर्राष्ट्रिय कानुनका अन्य स्रोतहरू जस्तै विद्वानहरूको विचार, विश्व सम्मेलनका कार्ययोजनामा प्रतिबद्धता व्यक्त गरिएका सहमति/विश्लेषण समेतलाई विचार गरी सन्धि समितिले आफ्नो सिफारिस तथा सुझावहरू दिन्छ ।

**प्रश्न : पक्ष राष्ट्रको हिंसाको कारणले पीडितलाई असर पुगेको छ भन्ने कुराको निर्धारण गर्ने मापदण्ड के हुन् ?**

**उत्तर** : त्यस्तो असर वा जोखिम राज्यको कार्यसँग सम्बन्धी देखिनु पर्दछ भन्ने कुरा सम्बन्ध अथवा महासन्धि अन्तर्गत गरिनु पर्ने कार्य गर्न राज्य असफल देखिएको हुनुपर्दछ ।

**प्रश्न : के निजी, व्यक्तिगत, समूह अथवा प्रतिष्ठानहरुद्वारा भएका हिंसामा समेत उजुरी प्रक्रियाको प्रयोग गर्न सकिन्छ ?**

**उत्तर** : सकिन्छ । महासन्धिको इच्छाधिन आलेखले व्यक्तिलाई त्यस्तो गैर राज्य पक्ष (निजी, व्यक्तिगत, सामूहिक वा प्रतिष्ठान) द्वारा गरिएको हिंसा समेत उपचारको खोजी गर्ने अधिकार प्राप्त छ । किन कि महासन्धि आफै यो कुराको स्वीकार गरेको छ । उदाहरणको लागि निजी क्षेत्रमा कार्यरत महिला कामदार उपर हुने हिंसाको विरूद्ध राज्यले त्यस्ता हिंसालाई रोक्न नसकेको आधार उसको विरूद्ध उजुरी गर्न सकिन्छ ।

**प्रश्न : क्षेत्राधिकारको विषयवस्तु के हो ?**

**उत्तर** : महासन्धिको धारा २ देखि १६ सम्मका धाराद्वारा प्रदत्त अधिकार उल्लंघन भएको अवस्थामा इच्छाधिन आलेखको क्षेत्राधिकार भित्रकै भएको मानिन्छ । यदि निम्न कुराको उपस्थितिमा महासन्धिमा स्पष्टरूपमा उल्लेखित गरिएको नभए तापनि क्षेत्राधिकार भित्रकै मानिनेछ ।

- एक वा एकभन्दा बढी अधिकारहरूलाई असर पुऱ्याउने खालका (उदाहरणको लागि महिला विरूद्ध हिंसा : समितिले महिला विरूद्ध हुने हिंसालाई महासन्धिद्वारा प्रदत्त अधिकारहरूको उल्लंघनको रूपमा लिएको छ ।
- स्पष्ट रूपमा उल्लेखित अधिकारहरूको उपभोगको लागि कुनै पूर्व शर्त राखिएको अवस्थामा उदाहरणको लागि राजनीति जीवनमा सहभागिताको अधिकारको अभ्यासको लागि घुमफिरको अधिकार आवश्यक रहे जस्तै)
- अधिकारको विशेष पक्षलाई मान्यता दिने गरी सामान्य भाषामा परिभाषित गरेको

(कार्यस्थलमा स्वास्थ्य महामारीको सम्बन्धमा जानकारी गराइनु पर्ने विषय सुरक्षित र स्वस्थ कार्यस्थलमा काम गर्ने अधिकारको रूपमा लिए जस्तै)

**प्रश्न : संयुक्त राष्ट्र संघले प्राप्त गर्ने अथवा समितिमा पठाइने उजुरीमा के के कुरा विचार गरिनु पर्दछ?**

**उत्तर** : त्यस्तो सूचना लिखित वा उजुरीकर्ता पहिचान स्पष्ट हुनुपर्दछ । (न कि अज्ञात) सूचना अज्ञात व्यक्ति नाम पठाइनु हुँदैन तथापि यदि सूचनादाता (प्रतिनिधि वा पीडितको तर्फबाट प्रतिनिधित्व गर्ने कुनै व्यक्ति) को पहिचान खुलाउँदा बदला लिइने खतरा रहेको अवस्था भन्ने कुराको समितिलाई जानकारी गराइएमा त्यस्तो पहिचान नखुलाई पनि सूचना पठाउन सकिने अन्तरिम उपायको रूपमा लिन सकिन्छ । सोही समयमा राज्यलाई सो कुराको जानकारी दिनु पर्दछ । साथै समितिले सम्बन्धित व्यक्ति पहिचान सार्वजनिक रूपमा नखुलाउन अनुरोध गर्न सक्दछ ।

**प्रश्न : के पीडितले राष्ट्रिय अदालत तथा न्यायिक निकायबाट उपचारको खोजी नगरी महासन्धि समितिमा सूचना (उजुरी) दिन सक्दछ ?**

**उत्तर** : पीडितले राष्ट्रिय स्तरका न्यायिक निकायबाट उपचार (न्याय) प्राप्त गर्ने प्रयत्न गरेको प्रमाणित नभएसम्म समितिले सूचना उपर कुनै कारवाही गर्ने छैन । तथापि इच्छाधिन आलेख तथा अन्तर्राष्ट्रिय कानुनले केही अपवादको व्यवस्था पनि गरेको छन् । जुन कुराको राष्ट्रिय स्तरमा न्यायको खोजी गरिनु पर्ने कानुनी व्यवस्थालाई र पक्ष राष्ट्रलाई महासन्धिद्वारा प्रदत्त अधिकारका सुनिश्चित गर्न प्रोत्साहन गरेको छ ।

**प्रश्न : स्थानीय उपचारको खोजी नगरी सूचना उजुरी दिन सकिने अपवादका नियमहरु के छन् ?**

- हिंसाको उपचार उपलब्ध नभएमा,
- उपचार (न्याय) त छ तर अनावश्यक ढिलासुस्ती हुन गरेमा
- पर्याप्त उपचार उपलब्ध नभएमा

माथि उल्लेखित परिस्थितिमा समितिले स्थानीय उपचार खोजी नगरेको अवस्था समेत सुनुवाई गर्न सक्दछ ।

**प्रश्न : घरेलु उपचारको प्रभावकारिता कसरी निर्धारण गर्न सकिन्छ ?**

**उत्तर** : देहायको आधारमा घरेलु उपचारको प्रभावकारीताको सम्बन्धमा मूल्यांकन गर्न सकिन्छ ।

- हिंसाका प्रकृति अनुसार पर्याप्त उपचारको व्यवस्था छ भने (जस्तैः उदाहरणको लागि पीडितलाई पर्याप्त राहत स्वरूप हर्जना, क्षतिपूर्ति, पुनर्स्थापनाको व्यवस्था गरिएको अथवा त्यस्तो हिंसालाई पुनः नदोहोरिनको पर्याप्त कार्य गरिएको)
- उपचार (न्याय) पहुँच योग्य छैन । कानुनी तथा व्यवहारिक बाधा अड्चनको कारणले न्यायमा पहुँच योग्य नहुनु जस्तै अदालतमा गरिने विभेद, हिंसाको अनुसन्धान सम्बन्धित निकायको इन्कारी, सबै किसिमका कानुनी प्रक्रियाको तहमा हुने खर्चको अभाव, सम्बन्धित कर्मचारी तथा परिवार वा समुदायका सदस्यहरूको गलत व्यवहार तथा धम्की, क्षमताको अभाव, न्यायोचित प्रक्रियाको अभाव अथवा महिला महासन्धिद्वारा प्रदत्त अधिकारहरूलाई राष्ट्रिय कानुनद्वारा मान्यता नदिएको र त्यस्तो अधिकारको उल्लंघनको अवस्था उपचार प्रत्यक्ष वा अप्रत्यक्ष कानुनी व्यवस्था नभएको अवस्थमा न्यायको पहुँच हुन नसक्ने मानिनेछ ।

**प्रश्न : यदि सोही विषय अन्तर्राष्ट्रिय अन्य निकायमा अनुसन्धानको प्रक्रिया वा निर्णयको स्थितिमा रहेको अवस्थामा के हुन्छ ?**

**उत्तर** : उजुरी दिंदा नै सोही विषयमा अन्य कुनै निकायमा उजुरी नगरेको कुरा उल्लेखित हुनुपर्दछ । यदि सोही विषयमा प्रश्न उठेमा समितिले दाबी गरिएको वा सूचना दिएको विषयको सम्बन्ध समान भएको वा नभएको विषयमा विचार गर्नेछ । अन्य अन्तर्राष्ट्रिय अनुसन्धानको प्रक्रियामा रहेका उजुरीसँग सम्बन्धित माग दाबी गरिएको अधिकार र दायित्व भन्दा फरक रहेको । यदि तथ्यको अर्थपूर्ण रूपमा फरक रहेको अवस्थामा वा उहि रहेको अवस्थामा समेत समितिले कारवाही अगाडि बढाउन सक्दछ ।

**प्रश्न : अन्तर्राष्ट्रिय अनुसन्धान र विवादको समाधानको प्रक्रियामा के कुरा विचार गरिन्छ ?**

**उत्तर** : यस्तो प्रक्रियाले निम्न कुराहरूलाई सुनिश्चित गर्नु पर्दछ ।

- विशेष किसिमका मुद्दाको तथ्यलाई विचार गर्ने,
- पीडित वा राज्य पक्षलाई आफ्नो भनाइ राख्ने अवसर दिइने,
- कुनै कानुनी अधिकार विशेषलाई पक्ष राष्ट्रले उल्लंघन गरेको वा नगरेको सम्बन्धमा सत्य तथ्य पत्ता लगाइने र
- पीडितको लागि उपचारको पहिचान ।

उदाहरणको लागि महिला विरूद्धको हिंसा सम्बन्धी विशेष प्रतिवेदक समक्ष पेश गरिएको सूचना वा उजुरी पनि इच्छाधिन आलेख अन्तर्गत समिति समक्ष उजुरी दिन सकिन्छ किन कि प्रतिवेदक समक्ष पेश गरिएको सूचना अन्तर्राष्ट्रिय अनुसन्धान तथा विवाद समाधानको प्रक्रिया अन्तर्गत पर्दैन । महासन्धि आलेखको प्रक्रिया अन्यको भन्दा बढी सारभुत रूपमा फाइदाजनक छ ।

**प्रश्न : कुनै पनि सूचनालाई महासन्धि अन्तर्गतको व्यवस्थासँग अयोग्य छ अर्थात् दर्ता गर्न अस्वीकार्य छ भने कहिले जानकारी गराइन्छ ?**

**उत्तर** : महासन्धिको क्षेत्राधिकार भन्दा बाहिर गएर दिएको सूचना (उजुरी) लाई अयोग्यता वा अस्वीकार्य मानिनेछ । (जस्तैः राज्य पक्षले समुदायको आत्मनिर्णयको अधिकारलाई उल्लंघन गरेको सम्बन्धी उजुरी) अथवा महासन्धिको उद्देश्यसँग बाझिने परिणामको खोजी गरिएको (उदाहरणको लागि महिलाहरूको राजनीति क्षेत्रमा महिला उम्मेदवारीको संख्या वृद्धि गर्ने सवालमा महिलाको पैत्रृक सवाल न्युनिकरण गर्ने किसिमका उजुरीहरू)

**प्रश्न : खराब पाइएको आधारमा घोषणात्मक रुपमा उजुरीको कहिले अस्वीकार भएको निर्णय गरिन्छ ?**

**उत्तर** : यदि निम्न तथ्यहरूको उपस्थितिमा कुनै उजुरी पाइएमा घोषणात्मक रूपमा खराब पाइएको ठहर गरिनेछ ।

- अधिकारको उल्लंघन (हिंसा) भएको दाबी गरेका अधिकार महासन्धिद्वारा प्रदत्त नभएका
- महासन्धिको गलत व्याख्या गरेको पाइएको
- महासन्धि अन्तर्गतका दायित्वहरू अन्तर्गत राज्य पक्षले गरेका कार्य वा उपेक्षाबाट स्पष्ट रूपमा दाबीमा प्रश्न उठाउन नसकेको,

**प्रश्न : कुनै उजुरीलाई पर्याप्त रुपमा प्रमाणित योग्य छ भन्ने कुरा के आधारमा गरिन्छ ?**

**उत्तर** : पर्याप्त प्रमाणित योग्य छ भन्ने कुराको पुष्टि हुनको लागि पीडितको विशेष परिस्थितिको सम्बन्ध स्पष्ट सूचना दिइएको पर्दछ । सामान्य अवस्थालाई आधार बनाई गरिएको कुनै अस्पष्ट एंव अत्यन्तै योग्य उजुरीलाई पर्याप्त आधार मानिदैन जस्तैः पुलिसले घरेलु हिंसा सम्बन्धी कानुनको कार्यान्वयन नगरेको विषय अथवा वृद्ध महिलाहरूको आवश्यकतालाई स्वास्थ्य हेरचाह पद्धतिको सम्बोधन गर्न नसके अथवा अस्पष्ट तथ्यांक दिइएका त्यस्ता सूचना वा उजुरीलाई समितिले दर्ता गर्न अयोग्य ठहर गर्न सक्छ । सामान्य अवस्थाका तथ्यहरूले पीडितलाई स्पष्ट रूपमा असर पुऱ्याएको वा जोखिम पुऱ्याएको छ भने पुष्टि भएको अवस्थामा थप सूचनाहरू पेश र्ग सकिन्छ साथै त्यस्ता उजुरीहरूलाई प्रमाणित योग्य ठहर गर्न सकिन्छ ।

**प्रश्न : उजुरी अधिकारको दुरुपयोगले के कुरालाई समेट्दछ ?**

**उत्तर** : निम्न अवस्थालाई सूचना वा उजुरी दिने अधिकारको दुरूपयोगको गरेको ठानिनेछ ।

- उजुरीकर्ताले कुनै व्यक्ति विशेषलाई निरूत्साहित गर्ने वा बेइज्जति गर्ने उद्देश्यले गरेको उजुरी
- अन्य केही खराब आसयले गरिएको उजुरी
- समितिले पहिले नै अयोग्य ठहर गरिसकेको दाबीलाई

**प्रश्न : राज्य पक्षले इच्छाधिन अभिलेखको अनुमोदन गर्नुभन्दा पहिले नै घटेको हिंसाको सम्बन्धमा उजुरी गर्न सकिन्छ ?**

**उत्तर** : त्यस्तो हिंसा निरन्तर घटिरहेको छ भन्ने कुराको अन्यथा प्रमाणित नभएसम्म महासन्धि समितिले इच्छाधिन आलेख कार्यान्वयन हुनुभन्दा अगाडिका अगाडिका हिसासँग सम्बन्धित उजुरीलाई दर्ता अस्वीकार गर्न सक्दछ । समितिले विगतमा घटेका हिंसाको असर निरन्तर घटिररहेको स्थितिमा, राज्य पक्षले पर्याप्त उपचारको व्यवस्था नगरेको अवस्थामा समितिले उजुरी लिन सक्दछ । यस्तो परिस्थितिमा विगतका हिंसालाई सम्बोधन नगरिने कार्यलाई सकारात्मक पहलको रूपमा लिनुपर्दछ ।

**प्रश्न : अन्तरिम उपायहरु के हुन् ?**

**उत्तर** : यदि समितिलाई त्यस्तो उल्लंघनका परिपूर्ति गर्न नसकिने खालको क्षति पुग्न सक्ने छ भन्ने कुराको विश्वास लागेमा (जुन क्षतिको उपयुक्त रूपमा उपचार प्रदान गर्न सकिदैन) पक्ष राष्ट्रहरूलाई त्यस्तो उपायहरूको अवलम्बन गर्न र त्यस्तो खराब असरलाई रोक्नको लागि अनुरोध गर्ने कुरालाई बुझिन्छ । पीडितको शारीरिक तथा मानसिक असर पार्ने किसिमको कार्यलाई रोक्ने स्थितिमा सामान्यतया पक्ष राष्ट्रलाई अन्तरिम उपायहरू अवलम्बन गर्न अनुरोध गरिन्छ अथवा पीडित अधिकारलाई पुर्ववत रूपमा स्थापित गर्न नसकिने अवस्थामा अनुरोध गरिन्छ । उदाहरणको लागि यदि पीडितलाई कठोर यातना सहित थुनामा रहेको अवस्थामा अथवा उसको जीवन जोखिममा रहेको अवस्थामा समितिले सम्बन्धित अधिकारलाई पीडितको अधिकार संरक्षणको लागि निर्देशन दिन सक्दछ । अर्को उदाहरणको रूपमा महिलालाई उसको श्रीमान अथवा जोडीबाट माना चामल भराउने सवालमा अथवा उनी र उनको तत्कालिन समयमा जीवन निर्वाहको लागि स्रोत सामाग्री दिने सवालमा पनि अन्तरिम उपाय अवलम्बन गर्नु पर्दछ ।

**प्रश्न : यदि समितिले उजुरीलाई दर्ता गर्न अस्वीकृत गरेको अवस्थामा के हुन्छ ?**

**उत्तर** : पक्ष राष्ट्रलाई जवाफको लागि त्यस्तो उजुरी पठाइदैन साथै कार्यविधिलाई टुंग्याइनेछ । कुनै उजुरी वा सूचनालाई दर्ता गर्न अस्वीकार गरिए तापनि पनि पछि थप सूचना वा जानकारीको आधारमा दर्ता गर्न सकिनेछ तर समितिले पूर्व दर्ता गर्न अयोग्य ठहर गरेका प्रमाण र पछि थप सूचनालाई हेरी उपयुक्त निर्णय गर्नेछ ।

**प्रश्न : यदि महासन्धि समितिले कुनै उजुरी दर्ता गर्न स्वीकार गरेपछि के हुन्छ ?**

**उत्तर** : उजुरी सम्बन्धमा सम्बन्धित पक्ष राष्ट्रलाई जानकारी पठाइन्छ । जानकारी प्राप्त गरेको ६ महिना भित्र सम्बन्धित राष्ट्रले लिखित जवाफ पेश गर्नुपर्दछ । राज्य पक्षले पेश गर्ने जवाफमा उजुरीमा लिएका सारभुत पक्ष उजुरीको स्वीकार्यता (औचित्यता/अनौचित्यता) पीडितले उजुरीमा उठाइएको विषयमा राज्य पक्षले प्रदान गरेका उपचार लगायतका विषयलाई समेटिनु पर्दछ ।

**प्रश्न : यदि ६ महिनामा पक्ष राष्ट्रले जवाफ नदिएमा के हुन्छ ?**

**उत्तर** : यदि पक्ष राष्ट्रले ६ महिना भित्र आफ्नो जवाफ नदिएको स्थितिमा समितिले उपलब्ध गराएको जानकारीको आधारमा कारवाही अगाडि बढाउँदछ ।

**प्रश्न : कस्तो स्रोतलाई समितिले उजुरी उपरको कारवाहीमा पुनरावलोकन गर्न सक्दछ ?**

**उत्तर** : उजुरीकर्ता वा पक्ष राष्ट्रले उपलब्ध गराएको थप जानकारीको आधारमा समितिले कुनै संयुक्त राष्ट्र संघीय निकायमा वा अन्य निकायमा रहेका दस्तावेजको लागि अनुरोध गर्न सक्दछ ताकि कानुन र तथ्यको विषयमा सहयोगी बन्न सकोस । उजुरीको कारवाहीको शिलशिलामा कुनै पनि समयमा त्यस किसिम सूचनाको लागि अनुरोध गर्न सक्दछ । गैरसरकारी संस्था, क्षेत्रीय मानव अधिकार निकाय वा अन्य यस्तै निकाय रहेको उजुरी सँग सम्बन्धित जानकारीहरूको लागि अनुरोध गर्न सक्दछ ।

**प्रश्न : समितिले सूचनाको क्रमिकता कायम गरेपछि के हुन्छ ?**

**उत्तर** : समितिले सबै पक्षलाई आफ्नो दृष्टिकोण र सुझावहरू पठाउनेछ । त्यस्तो दृष्टिकोणमा महासन्धिको उल्लंघन भएको विषयमा उल्लेखित गरिन्छ । यसमा तथ्यसँग सम्बन्धित विषय समितिले निकालेको निष्कर्ष र तथ्यसँग कानुनको कार्यान्वयनको विषय समेत समावेश गरिनु सक्दछ । उदाहरणको लागि किन राज्य पक्षले कार्य गर्दा वा गर्न असफल हो । त्यस्ता हिंसा हुन्छ) यदि समितिले त्यस्तो घटना भएको निष्कर्ष निकालेको अवस्थामा राज्यले उपलब्ध गराउनु पर्ने उपचारको सम्बन्धमा सुझाव जारी गर्नेछ । पीडितलाई हर्जाना, क्षतिपूर्ति, पुनर्स्थापना लगायतका विषयमा उल्लेखित गरिनु सक्दछ अथवा पुर्नहिंसा दोहोरिने कुरालाई नियन्त्रण गर्ने विषय पनि समेटिन सक्दछ ।

**प्रश्न : के समितिले दिएका विचार र सुझावहरु बाध्यकारी हुन्छन ?**

**उत्तर** : समितिका सुझाव तथा विचार कानुनी रूपमा बाध्यत्मक हुँदैन तर पनि पक्ष राष्ट्रले सिफारिसहरूलाई कार्यान्वयन गर्ने कार्यविधि रहेको छ । गैरसरकारी संस्थाहरूले राष्ट्रिय स्तरमा सक्रियताको माध्यमबाट उजुरी गर्ने प्रक्रियालाई प्रोत्साहन गर्न सक्दछ । सिफारिसहरू बढि सुस्पष्ट हुन पीडित महिलाको न्यायको लागि सहयोगी हुन्छ र राज्य पक्षलाई पनि महासन्धिद्वारा सिर्जित दायित्व अनुसार सुझावहरूको कार्यान्वयन गर्न बाध्य हुन्छ ।

**प्रश्न : समितिले एक पटक पठाएका विचार र सिफारिसहरुको कार्यान्वयनको सम्बन्धमा राज्य पक्षको दायित्व के हुन्छ ?**

**उत्तर** : समितिको दृष्टिकोण तथा सिफारिस प्राप्त भएको मितिले ६ महिना भित्र कार्यान्वयन सम्बन्धमा पक्ष राज्यले समितिलाई जानकारी गराउनु पर्दछ । महासन्धिको धारा २ ले महासन्धिको व्यवस्थाहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा सामान्य दायित्वको सिर्जना गरेको छ । समितिले पाएका पक्ष राष्ट्रका विभेदकारी कानुन, नीति तथा व्यवहारहरूलाई उन्मूलन गर्ने र भविष्यमा हुने उस्तै किसिमका हिंसा अथवा उल्लंघनको घटनालाई रोक्न पक्ष राज्यको दायित्व हुन्छ ।

**प्रश्न : पक्ष राष्ट्रले सुरुमा पठाएको जवाफ पश्चात सन्धि समितिले दिएको सिफारिसको कार्यान्वयनको सम्बन्धमा के निरन्तर अनुगमन गर्दछ ?**

**उत्तर** : गर्छ । इच्छाधिन आलेख अन्तर्गत समितिले दिएको दृष्टिकोण र सिफारिसहरूको कार्यान्वयनको सम्बन्धमा निरन्तर ताकेता गर्ने कार्यविधि छ । समितिले सोही विषयमा राज्य पक्षले पेश गर्ने आवधिक प्रतिवेदनमा समेत थप सूचना माग गर्न सक्दछ । अथवा समितिले सो कार्यको अनुगमनको

लागि विशेष प्रतिवेदक खटाउन सक्दछ । सन्धि समितिको कार्यविधिले विशेष प्रतिवेदक अथवा कार्य समूह सम्बन्धित व्यक्तिलाई सम्पर्क गर्ने र उपयुक्त उपाय अपनाउन सक्दछ ।

**प्रश्न : समितिलाई सो कार्यमा सक्रिय पार्न अनुरोध गर्ने सम्बन्धमा उपयुक्त उपायहरुके हुन सक्दछ?**

**उत्तर** : उपयुक्त अनुगमन गर्ने केही उदाहरणहरू :-

- समितिले गरेका तोकता सम्बन्धी क्रियाकलापलाई समावेश गरी प्रकाशन गर्ने,
- इच्छाधिन आलेखअन्तर्गत ताकेता सम्बन्धी क्रियाकलापलाई उल्लेख गर्ने र सोही विषयमा राज्य पक्षले गरेका र नगरेका क्रियाकलापको समेत जानकारी गराउने,
- स्थानीय राष्ट्रिय अधिकारीसँग सम्पर्क स्थापना गर्ने,
- गैरसरकारी संस्थालाई जानकारी दिन आह्वान गर्ने,
- राज्य पक्षको आह्वानमा विशेष प्रतिवेदक अथवा कार्य समूहलाई परिचालन गर्ने,

## जाँचबुझ कार्यविधि

**प्रश्न : जाँचबुझ कार्यविधिको माध्यमबाट कस्तो प्रकारको हिंसालाई सम्बोधन गर्न सकिन्छ** ?

**उत्तर** : समितिले गम्भीर एंव चरणवद्ध रूपमा भएका हिंसाको सम्बन्धमा समिति जाँचबुझ कार्यविधि अगाडि बढाउन सक्दछ । 'गम्भीर' घटनाले कुनै व्यक्तिको सुरक्षा र एकत्वकोसँग सम्बन्धित क्रुरहिंसा जस्तै यातना, बेपत्ता अथवा मार्ने जस्तो कार्यलाई समेट्दछ । कुनै एउटा हिंसा पनि गम्भीर घटना हुन सक्दछ र एउटा घटनाबाट पनि एक भन्दा बढी अधिकार उल्लंघन हुन सक्छ । चरणवद्ध भन्नाले निरन्तर अधिकारको उल्लंघन, यस्तो उल्लंघन व्यापक रूपमा गरिएको अथवा उल्लंघनको घटना योजना वा नीतिगत रूपमै भएकोलाई बुझाउँछ ।

**प्रश्न : जाँचबुझ प्रक्रियालाई व्यवस्थित गर्न के आवश्यक हुन्छ** ?

**उत्तर** : महासन्धि समितिले गम्भीर र चरणवद्ध हिंसा भएको छ भन्ने सम्बन्धमा अत्यन्त भरपर्दो सूचना प्राप्त गर्नु पर्दछ । भरपर्दो भन्नाले समितिले प्राप्त गरेको सूचना विश्वासनिय हुनुपर्दछ । समितिले सूचनाको विश्वासनियता जाँच गर्ने सम्बन्धमा सूचनालाई विशिष्टकृत गरी यसको आन्तरिक रूपमा समरूपता र आमस्रोतहरूसँगको समरूपता, वा पुष्टि गर्न सकिने प्रमाण वा संचारबाट प्राप्त सूचना आधार गर्दछ अथवा त्यस्ता सूचना निरपेच्छ छ वा छैन भन्ने सम्बन्धी समितिले निर्क्योल गर्दछ । त्ढयस्ता सूचना वा स्रोत प्राप्त गर्नको लागि विशेष ढाँचाको आवश्यकता पर्दैन ।

**प्रश्न : के महिला विरुद्धको हिंसा सम्बन्धी विशेष प्रतिवेदकलाई समितिको जाँचबुझ कार्यविधिलाई व्यवस्थित गर्ने सम्बन्धमा सूचना प्रदान गर्न अनुमती दिइन्छ** ?

**उत्तर** : दिइन्छ । महासन्धिको इच्छाधिन आलेखको धारा ८ र कार्यविधि सम्बन्धी नियमले सूचना/जानकारी प्राप्त गर्ने विषयलाई सीमित गरेको छैन । संभाव्य स्रोत भन्नाले महिला समूह र अन्य गैरसरकारी संस्थाहरू, अन्य संयुक्त राष्ट्र संघीय निकाय अथवा विशेषज्ञ, क्षेत्रीय मानव अधिकार सम्बन्धी

निकाय विशेषज्ञहरू, मुद्रित सामाग्री, आन्तरिक विस्थापित र शरणार्थीसँग कार्य गर्ने निकाय वा संस्थाहरूबाट प्राप्त सूचनालाई लिइन्छ । प्रमाणित गर्नुपर्ने तथ्यहरूलाई अन्य सूचना प्राप्त गर्ने सम्बन्धमा कार्यविधिले समितिलाई अधिकार प्रदान गरेको छ । पक्ष राष्ट्रद्वारा चालिनु पर्ने कदमको सम्बन्धमा समितिको विचार तथा सुझावहरूमा उल्लेखित गरिन्छ । राज्यद्वारा चालिनु पर्ने विषयमा कानुनी, प्रशासकीय, शैक्षिक उपायहरू र सम्बन्धित क्षेत्रमा बजेटको बाँडफाँडलाई समेतलाई लिन सकिन्छ ।

**प्रश्न : के समितिलाई जाँचबुझ प्रक्रिया थालनी गर्न पक्ष राष्ट्रको सहमति चाहिन्छ ?**

**उत्तर** : चाहिदैन । समितिले पक्ष राष्ट्रको सहमति बिना नै जाँचबुझ प्रक्रियाको थालनी गर्न सक्दछ । तर पनि समितिलाई हिंसा क्षेत्र भ्रमण गर्न र सो स्थानमा सुनुवाई गर्न पक्ष राष्ट्रको सहमति चाहिन्छ ।

**प्रश्न : जाँचबुझ कार्यविधिको प्रतिफल के हुन्छ ?**

**उत्तर** : समितिले आफ्नो निष्कर्ष तथा सुझावहरूलाई जारी गर्दछ । महासन्धिद्वारा प्रदत्त अधिकारको उल्लंघनको विषयलाई निष्कर्षमा उल्लेखित गरिन्छ । जारी रहेको हिंसालाई रोक्ने सम्बन्धमा र उस्तै प्रकारका भविष्यमा घट्न सक्ने हिंसाको सम्बन्धमा कुन सन्धि समिति बढी प्रभावकारी हुन्छ भन्ने कुरा उजुरीकर्ता आफैले निर्णय गर्नु पर्दछ । यसको लागि विभेद पक्षको घनिभुत प्रत्येक महासन्धि समितिका सदस्यहरूको विशेषज्ञता, महासन्धि समितिले आफ्नो तथ्य उपर विगतमा गरेका व्यवहार, समिति सदस्यहरू विशेषज्ञता आदि कुरालाई समेत विचार गर्नु पर्दछ । उदाहरणको लागि नागरिक तथा राजनीति अधिकार सम्बन्धी प्रतिज्ञापत्रको पक्ष राष्ट्र भएको देशका नागरिकहरूको लागि महिलाको राजनीतिक तथा नागरिक अधिकार (उदाहरणको लागि महिलालाई मतदान गर्ने अधिकारबाट बन्चित गरिनु, पैत्रिक सम्पत्ति र नागरिकतामा विभेद गरिनु) अथवा समानताको अधिकार उल्लंघन भएको अवस्थामा महासन्धि कार्यान्वयन अनुगमन समिति (मानव अधिकार समिति) बढी उपयुक्त र प्रभावकारी हुन सक्दछ । मानव अधिकार समितिले गरेका निर्णयहरू बढी प्रभावकारी हुन सक्दछन किन कि यसका सदस्यहरू कानुनका विद्वान तथा न्यायाधीशहरू समेत समावेश गरिएका हुन्छ ।

**प्रश्न : यदि राष्ट्रिय कानुनमा अन्तर्राष्ट्रिय दायित्वलाई प्राथमिकता नदिएको अवस्थामा राष्ट्रिय कानुन र महिला महासन्धिको कानुनी व्यवस्थाको बीचमा बाझिएको स्थितिमा कसरी निर्णय लिन सकिन्छ?**

**उत्तर** : समितिका दृष्टिकोण र सुझाव महिला महासन्धिमा आधारित हुन्छन् । राष्ट्रिय स्तरमा, राष्ट्रिय कानुन र महासन्धिको व्यवस्थाहरू बीच बाझिएको स्थितिमा अदालतहरू अथवा विधायिकाले राष्ट्रिय कानुन, संविधान तथा सिद्धान्तको हवाला दिंदै निर्णय लिन्छन् ।

**प्रश्न : समितिले विचार तथा सुझाव दिइसकेपछि कस्तो प्रकारको ताकेता गर्ने उपायहरु अवलम्बन गर्दछ?**

**उत्तर** : समितिले पक्ष राष्ट्रलाई दिएको निष्कर्ष तथा सुझावहरू राज्यले ६ महिना पश्चात जाँचबुझ प्रक्रियाबाट दिएका वा चालिनु पर्ने सुझावका सम्बन्धमा गरिएको कार्यको विवरण राज्य पक्षले पठाउन सक्दछ । साथै आवधिक प्रतिवेदनमा पनि सो कुराको जानकारी माग गर्न सक्छ अथवा छुट्टै विशेष सूचनाको रूपमा माग गर्न सक्दछ ।

**प्रश्न : आरक्षण गरिए व्यवस्था भनेको के हो ?**

**उत्तर** : राज्य पक्षले हस्ताक्षर अनुमोदन वा सहमति जनाएको समयमा समितिको जाँचुबुझ कार्यविधि सम्बन्धी प्रक्रियालाई स्वीकार नगरेको कुराको घोषणा गर्न सक्दछ । तर राज्य पक्षले उजुरीको कार्यविधिलाई आरक्षण गर्न सक्दैन ।

**सामान्य प्रश्न**

**प्रश्न : कुनै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कार्यविधिलाई अधिकार उन्मूलन हुँदा उपचारको लागि उपयुक्त उपाय हो भन्ने कुरा कसरी निर्णय लिने ?**

**उत्तर** : हरेकले कहाँ उजुरी गर्ने सम्बन्धमा उपलब्ध सबै प्रकारका कार्यविधिहरूलाई विचार गर्नु पर्दछ । लैङ्गिकतामा आधारित विभेदलाई सबै किसिमका मानव अधिकार सम्बन्धी दस्तावेजहरूले समेटेको हुन्छ । त्यसैले महिला महासन्धिको अतिरिक्त अन्य मानव अधिकार महासन्धिहरू ज्स्तैः नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, सबै प्रकारका जातिय भेदभाव उन्मूलन गर्ने महासन्धि र यातना विरूद्ध महासन्धि अन्तर्गत पनि उजुरी गर्ने सम्बन्धी कार्यविधिहरू छन् । यातना विरूद्धको महासन्धिमा पनि जाँचबुझ कार्यविधि छ । एकै समयमा एउटै विषयमा नै एक सन्धि समिति समक्ष उजुरी गर्न सकिन्छ ।

**प्रश्न : समितिले गम्भीर र चरणबद्ध हिंसा वा अधिकारको उल्लंघन भएको छ भन्ने सम्बन्धमा विश्वासनिय ठहर गरेको अवस्थामा त्यसपछि के हुन्छ ?**

**उत्तर** : समितिले कार्य समूह गठन गरी जाँचबुझ अगाडि बढाउन सक्छ र राज्य पक्षलाई विषय सम्बन्धी सूचना/जानकारी पेश गर्नको लागि आह्वान गर्न सक्छ । समितिले थप जानकारी प्रदान गर्नको लागि राज्य पक्षको प्रतिनिधि, सरकारी निकाय गैरसरकारी संस्था वा व्यक्तिलाई अनुरोध गर्न सक्दछ । समिति समक्ष पेश भएका विश्वसनिय सूचनाहरूलाई ख्याल राखी समितिले गोप्य रूपमा जाँचबुझ कारवाही अगाडि बढाउँदछ । कार्य समितिले अनुसन्धानको निष्कर्षलाई समग्रमा समिति समक्ष पेश गर्दछ । प्रतिवेदनमा आधारित रहेर समितिले आफ्नो निष्कर्ष निकाल्ने र परिस्थितिको सम्बन्धमा टिप्पणी र सुझाव तयार गर्दछ । यसको निष्कर्ष सुझावहरूलाई पक्ष राष्ट्र समक्ष पठाउँछ । पक्ष राष्ट्रले पनि उपरोक्त बमोजिम प्राप्त भएका निष्कर्ष तथा सुझावको कार्यान्वयनको सम्बन्ध ६ महिना भित्र जवाफ पठाउनु पर्दछ ।

**प्रश्न : सम्बन्धित क्षेत्रको भ्रमणमा कार्य समूहले के गर्न सक्दछ ?**

**उत्तर** : स्थलगत भ्रमणको समय कार्य समूहले सम्बन्धित पीडितको सुनुवाई गर्ने तथ्यहरूको पुनरावलोकन गर्ने, साक्षी अन्य कुराको परिक्षण गर्न सक्दछ । कार्य समूहले सरकारी कर्मचारी, गैसस प्रतिनिधि, पीडित र साक्षीसँग भेटघाट गर्ने र कुनै संस्था वा स्थानको स्थलगत भ्रमण गर्न सक्दछ ।

**प्रश्न : बहुराष्ट्रिय प्रतिष्ठानहरुद्वारा गरिएको अधिकारको उल्लंघनको विरुद्धमा के उजुरी दिन सकिन्छ ? के बहुराष्ट्रिय प्रतिष्ठानहरु जाँचबुझ कार्यविधिको विषय बन्न सक्दछ ?**

**उत्तर** : महिला महासन्धिको पक्ष राष्ट्रमा विरूद्ध त्यस्ता बहुराष्ट्रिय प्रतिष्ठानद्वारा भएका हिंसाको विरूद्धमा उजुरी दिन सकिन्छ । किन कि त्यस्ता राष्ट्रहरूले त्यस्ता प्रतिष्ठानलाई दर्ता वा स्थापनाको समयमा कानुनी मान्यता प्रदान गरेका हुन्छन् । अर्थात् त्यस्ता पक्ष राष्ट्रहरूले ती प्रतिष्ठानहरूलाई आफ्नो क्षेत्राधिकार भित्र संचालन गर्ने अधिकार प्रदान गरेको हुन्छ । यस प्रकारका हरेक मुद्दामा समितिले सर्वप्रथम के कुराको निर्क्योल गर्दछ भने पक्ष राष्ट्रले बहुराष्ट्रिय प्रतिष्ठानद्वारा हुने हिंसालाई रोक्ने सवालमा प्रतिष्ठानको अनुगमन गर्ने दायित्व पक्ष राष्ट्रको हो र त्यस्ता हिंसाको अनुसन्धान गर्ने र जवाफ दिने कर्तव्य पनि राज्य पक्षकै हो । यसपछि कर्तव्यको क्षेत्रलाई निर्धारण गर्ने राज्य पक्षले आप्नो दायित्वलाई पुरा गर्न असफल रहेको विषयमा निष्कर्ष निस्कन्छ । गम्भीर र चरणबद्ध हिंसा सम्बन्धी जाँचबुझ कार्यविधिमा समेत यस्तै किसिमको विश्लेषण गरिन्छ ।

**प्रश्न : उहि तथ्यको आधारमा समितिले के जाँचबुझ प्रक्रिया र उजुरी प्रक्रियालाई एकै साथ अगाडि बढाउन सक्दछ ?**

**उत्तर** : सक्छ । पीडितले विशेष प्रकारको अधिकारको उल्लंघन विरूद्धको उपचारको खोजी गर्दा (उजुरीको कार्यविधि अन्तर्गत) चरणबद्ध उल्लंघनको घटनाको स्थिति भएको हुन सक्छ । उदाहरणको लागि समितिले महिलाहरूको चरणबद्ध बेचबिखनको घटनाको सम्बन्धमा जाँचबुझ सुरु गर्न सक्दछ र महिला उपर भएको हिंसा सम्बन्धमा पीडित महिला आफू बेचिएको स्थितिमा क्षतिपूर्तिको माग राखी उजुरी दर्ता गर्न सक्दछिन् । गैरसरकारी संस्थाले त्यस प्रकारका चरणबद्ध हिंसाको सम्बन्धमा अनुसन्धान गर्ने र त्यसको जानकारी समितिलाई दिन सक्दछ यसले जाँचबुझ कार्यविधि र पीडितले गरेको उजुरीलाई समेत सहयोग पुग्न सक्दछ ।

**प्रश्न : पक्ष राष्ट्रको विरुद्धमा उजुरी गरिए पश्चात के पक्ष राष्ट्र इच्छाधिन आलेखबाट प्रत्याह्वान गर्न सक्छ अथवा जाँचबुझ कार्यविधिको सुरुवात पश्चात सो जाँचबुझ कार्यविधिलाई आरक्षण गर्न सक्दछ?**

**उत्तर** : पक्ष राष्ट्रले इच्छाधिन आलेखबाट प्रत्याह्वान गर्न सक्छ तर प्रत्याह्वानको लागि अनुरोध गरेको ६ महिना पछि मात्र लागू हुन सक्छ । यदि प्रत्याह्वान प्रभावकारी हुने दिन भन्दा अगाडि गरिएका उजुरी र जाँचबुझ कार्यविधिलाई कुनै असर पर्दैन ।

# सूचना कार्यविधिको तालिका

## उजुरीकर्ता (पीडित, प्रतिनिधि वा निजको तर्फबाट)

**उजुरीकर्ताद्वारा पेश गरिने प्राप्ति**
- लिखित
- बनामे हुन नहुने

**उल्लंघन :**
- कुनै कार्य तथा सरकारी कार्यालयबाट भएको असफल कार्य,
- गैरसरकारी व्यक्ति, समूह वा प्रतिष्ठानका कार्यहरू (पक्ष राष्ट्रहरूलाई निजी क्षेत्रमा हुने विभेद समूह निषेध गर्ने दायित्व हुन्छ ।)

**स्थापित हुनलाई चाहिने आवश्यकता**

निवदेकमा निम्न कुरा हुनु पर्दछः
- व्यक्तिगत पीडित वा व्यक्तिहरूको समूहको पीडित
- पीडितद्वारा मनोनित गरिएको प्रतिनिधि (पक्ष राष्ट्रकै क्षेत्राधिकार भित्रको हुनु पर्दछ भन्ने छैन)
- पीडितको तर्फबाट अन्य व्यक्ति पीडितको सहमतिमा, वा पीडितको तर्फबाट सक्रिय छ भन्ने मनासिवयुक्त प्रमाणनिवदेनमा निम्न कुराहरू भएको हुनुपर्दछ :-
- पीडा व्यहोरेको,
- उल्लंघनको समयमा पक्ष राष्ट्रको क्षेत्राधिकार भित्र भएको ।

**क्षेत्राधिकारको विषयवस्तु :**

महासन्धिको धारा २ देखि १७ सम्म परिभाषित गरिएका अधिकारहरूको उल्लंघन भएको अथवा उल्लेखित अधिकारबाट बन्चित भएको अथवा महासन्धिले स्पष्ट मान्यता प्रदान गरेको अधिकारको उपभोगमा पूर्वशर्त सहित व्याख्या गरिएको ।

**अग्राह्य हुनका लागि कारणहरु**
- स्थानीय स्तरको उपचार समाप्त नभएको (यद्यपि केही अपवादहरू छन्, जस्तो बेमनासिव ढिलाई वा अप्रभावकारी उपचार)
- उस्तै विषयमा समितिले पहिले नै जाँचबुझ गरिसकेको वा अन्य जाँचबुझका लागि अन्तर्राष्ट्रिय कार्यविधि भएको,
- महासन्धिका व्यवस्थाहरूसँग प्रतिकुल भएको,
- प्रष्ट रूपले गलत मनसाय भएको वा पर्याप्त रूपले ठोस विषयवस्तु नभएको,
- उजुरी पेश गर्ने अधिकारको दुरूपयोग भएको,
- पक्ष राष्ट्रले यस महासन्धिमा प्रवेश गरे भन्दा अगावै घटनाहरू भइसकेको,

**अग्राहयता :**

उजुरीलाई अतिरिक्त सुचनाहरूले ग्राहय योग्य बनाए पुनः निवेदन गर्न सकिन्छ ।

**ग्राहयता**

→ सुधार गर्न नसकिने नोक्सानबाट बच्न अन्तरिम उपाय वा कदम चाल्न अनुरोध गर्ने

**पक्ष राष्ट्रहरु समक्ष उजुरीको जानकारी दिने**

पक्ष राष्ट्रले ६ महिना भित्र निम्न कुरासहित जवाफ दिनु पर्दछ ।
- पहिल्यै चालिएका कदमहरूको सूचना
- निवेदकको दाबी विरूद्ध कानुनी तथा तथ्यगत तर्क यसमा निवेदकको दाबीको ग्राहयता माथि पनि चुनौती दिन सक्छ

कमिटीले उजुरी माथि विचार गर्दछ ।

पक्ष राष्ट्रको तर्फबाट तथा अन्य सुचनाको आधारमा निवेदनको ग्राहयता सम्बन्धमा पुनः जाँचबुझ गर्न सक्छ ।

→ यदि अग्राहय देखिएमा यस्तो उजुरी खोज गर्न सक्छ

सूचनाका अन्य स्रोतहरू
- गैरसरकारी संस्थाहरूको प्रतिवेदन,
- संयुक्त राष्ट्र संघको प्रतिवेदन जसमा विशेष प्रतिवेदकको प्रतिवेदन सहित
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको विश्लेषण
- प्रमाणित कागजातहरू जसमा साक्षीहरू, भिडियो, फोटोग्राफी आदि ।

यदि ग्राहय देखिएमा कमिटीले प्राप्त सूचनाहरूको आधारमा निवेदकको माग माथि विचार गर्दछ ।

कमिटीले आफ्नो विचार र सुझावहरू निकाल्दछ

→ त्यस्तो विचारले त्यहाँ उल्लंघनको घटना भएको वा नभएको निश्चित गर्दछ

**सुझावहरु**

यदि उल्लंघन भएको प्रमाणित भए समितिले पक्ष राष्ट्रलाई सामान्य र विशेष कदमहरू उपलब्ध गराउँदछ । जसमा :-
- प्रत्यास्थापन, क्षतिपूर्ति, पुनर्स्थापना तथा पीडितका लागि अन्य उपचार,
- भइरहेको उल्लंघनलाई रोक्न आवश्यक कदम अथवा पुनः भविष्यमा यस्तो उल्लंघन दोहोरिन नदिने उपाय,
- महासन्धिको उल्लंघन गर्ने कानुन र व्यवहारमा परिवर्तन वा पुनरावलोकन,

**पक्ष राष्ट्रको दायित्व**
- समितिको विचार र सुझाव माथि उचित महत्व दिनु,
- कारवाही गरिएको सम्बन्धमा ६ महिना भित्र लिखित जवाफ पठाउन,
- वैधानिक कर्तव्य नभए तापनि असल व्यवहारको दायित्वलाई मन्जुर गर्नु ।

पीडित, निवेदक अथवा गैरसरकारी संस्थाले पक्ष राष्ट्रले कारवाही गरेको सम्बन्धमा सूचना पेश गर्न सक्छ । →

सूचनाको लागि समितिले अनुगमन गर्न अनुरोध गर्दछ ।

**संकेत**
- ग्राहय
- अग्राह
- कार्यविधि

## जाँचबुझ कार्यविधि

**आवश्यकता** - गम्भीर वा नियमित उल्लंघन हुनुपर्दछ ।

- **गम्भीर हिंसा** - कठोर दुर्व्यवहार उदाहरणको लागि महिलाको जीवन, शारीरिक तथा मानसिक सच्चरित्रता र व्यक्तिको सुरक्षाको उल्लंघनसँग जोडिएको विभेद । धारा ८
- **चरणवद्ध हिंसा** - नियमित उल्लंघनले हिसाको विद्यमानता तथा अनुपातलाई जनाउँछ अथवा हिंसाको लागि योजना तथा नीतिलाई उल्लंघन तर्फ निर्देशित गर्ने कुरालाई इंगित गर्दछ ।
- समितिले जाँचबुझलाई सामाजिक तथा सांस्कृतिक आधारमा अथवा कार्यान्वयन तहमा भएको कानुन र नीतिबीचमा भएको अन्तर दुरीको कारण हुने विभेदलाई सम्बोधन गर्न प्रयोग गर्दछ ।
- व्यापक रूपमा हुने हिंसाहरू जस्तोः आर्थिक तथा यौन शोषणको लागि महिलाको बेचबिखनलाई सूचनाको माध्यमबाट भन्दा पनि जाँचबुझको माध्यमबाट बढी प्रभावकारी ढंगबाट सम्बोधन गर्न सकिन्छ ।

आरक्षण नगरेको अवस्थामा पक्ष राष्ट्रमा लागू हुने

**गोपनियताको अवस्था :**

समितिले गम्भीर र नियमित हिंसा सम्बन्धी मनासिव सूचना प्राप्त गर्दछ

↓

समितिले पक्ष राष्ट्रलाई जाँचबुझमा सहयोग गर्न र आफ्नो विचार राख्न आमन्त्रण गर्दछ,
पक्ष राष्ट्रको सहमति र सहयोग आवश्यक नभए तापनि अपेक्षीकृत हुन्छ,

↓

समितिले १ वा सोभन्दा बढी सदस्यहरुलाई सोधपुछको समूहमा छान्दछ जसको कार्यविधि निम्न अनुसार हुन्छ :-

- सूचना र पक्ष राष्ट्रको जवाफ माथि विचार गर्न,
- पक्ष राष्ट्रको भ्रमण गर्न (यदि पक्ष राष्ट्रले अनुमती दिन्छ भने)

↓

समितिले प्राप्त सूचनामा आधारित भएर आफ्नो विचार र सुभावहरू तयार पार्दछ र त्यसलाई पक्ष राष्ट्र समक्ष प्रेषित गर्दछ ।

↓

पक्ष राष्ट्रले समितिको निष्कर्षलाई अनिवार्य रूपमा ६ महिना भित्र जवाफ दिनु पर्दछ ।

↓

**सूचनालाई सार्वजनिक गरिन्छ**

- समितिले अनुगमन गर्न पक्ष राष्ट्रलाई आमन्त्रण गर्न सक्दछ, आफ्नो सोधपुछको निष्कर्षमा उसको जवाफ समावेश गर्न अनुरोध गर्न सक्दछ (समितिको तजबिजमा भर पर्दछ)
- ६ महिनापछि समितिले पक्ष राष्ट्रलाई सुभावको कार्यवाही सम्बन्धमा सुचित गर्न आमन्त्रण गर्न सक्छ ।

**आवश्यकता** - विश्वसनीय सुचना हुनुपर्दछ ।

- विश्वसनीय भन्नाले प्रमाणित सूचना हुनुपर्दछ ।
- विश्वसनीयतालाई कारक तत्वको आधारमा निर्क्योल गर्न सकिन्छ जस्तोः विशिष्टता, एकरूपता, प्रमाणको पुष्ट्याई, स्रोतहरको पहिचान र सत्य निरोपणको प्रमाणिकता र संचारबाट स्वतन्त्र र पक्षपातपूर्ण
- स्रोतहरू मथि कुनै बन्देज नभएको वा सूचनाको कुनै निदिष्ट ढाँचा नभएको,
- सूचनाको संभाव्यता
- महिला समूह तथा गैरसरकारी संस्था
- अन्य संयुक्त राष्ट्र संघीयका मानव अधिकार सम्बन्धी अंगहरू तथा विशेषज्ञहरू
- क्षेत्रीय मानव अधिकार सम्बन्धी अंगहरू तथा विशेषज्ञहरू
- संचार क्षेत्र
- मानवीय सहयोगको क्षेत्रमा कार्यरत समूह

एकतर्फी रूपमा पक्ष राष्ट्रको सहमतिमा भएको भ्रमणमा अन्तर्वार्ताहरू समावेश हुन सक्छ ।

- सरकारी अफिसरहरू
- न्यायाधीशहरू
- गैरसरकारी संस्थाहरू
- पीडितहरू
- साक्षीहरू
- सान्दर्भिक सूचना प्राप्त अन्य व्यक्ति तथा समूहहरू

गैरसरकारी संस्थाहरूले पक्ष राष्ट्रले गरेको पालना सम्बन्धमा सुझाव सहित सूचनाहरू प्रेषित गर्न सक्छन् ।

# खण्ड

# ग

## इच्छाधिन आलेख अन्तर्गत उजुरी गर्ने प्रक्रिया

## इच्छाधिन आलेख अन्तर्गत सूचना र जाँचबुझ कार्यविधि अनुसार उजुरी पेश गर्ने सम्बन्धमा केही बुँदाहरु

### १. सामान्य जानकारीहरु

- उजुरीको शर्तको लागि पक्ष राष्ट्र महासन्धि र इच्छाधिन आलेख दुवैको पक्ष राष्ट्र हुनु आवश्यक छ ।
- सम्पूर्ण निवेदनलाई पुरा गर्नुपर्दछ । यदि त्यस्तो सूचनाको विस्तृत प्रवाहमा कुनै कमी भएमा निवेदकलाई महासन्धि संचिवालयले अन्य सूचनाहरूको बारेमा सोध्न सक्ने हुनाले यसले प्रक्रियालाई ढिलो बनाउँदछ ।
- तपाई सूचना वा जाँचबुझ कुन कार्यविधि अन्तर्गत प्रक्रिया अगाडि बढाउन चाहानुहुन्छ निश्चित हुनुहोस् ।
- मुद्दालाई समितिको प्रचलनको भाषामा पेश गर्नुहोस (अंग्रेजी, फ्रान्सेली, स्पेनेली, रसियन, चाइनिज र अरबिक)
- समितिलाई पेश गरिएको सूचनाले लिङ्ग वा लैङ्गिकतामा आधारित विभेदलाई उठाएको हुनुपर्दछ ।
- आरोपित हिंसाको बारेमा केन्द्रित हुनुहोस् र सकेसम्म प्रमाणहरू पेश गर्नुहोस् । यस्तो उल्लंघन महासन्धिसँग सम्बन्धित हुनुपर्दछ भन्ने कुरा याद गर्नुहोस् ।
- यदि त्यस्तो हिंसाको घटना सम्बन्धी सूचना र इच्छाधिन आलेखको पक्ष राष्ट्रमा कार्यान्वयनमा आउनु अगावै घटेको भए तापनि त्यस्तो घटना निरन्तर भइरहेको हुनुपर्दछ र समितिलाई त्यस्को निरन्तरता सम्बन्धी प्रमाण पेश गर्नुहोस् ।
- याद गर्नुहोस् समितिलाई लिखित रूपमा सम्पूर्ण कागजातहरू पेश गर्नुपर्दछ । सहायक प्रमाणहरू भने अन्य रूपमा पनि हुन सक्छन जस्तो भिडियो आदि ।
- सूचनाहरू मेल वा फ्याक्सबाट पनि पठाउन सकिन्छ । व्यक्तिगत सूचनाको लागि कुरियर वा अन्य माध्यमबाट प्रमाणहरू पठाउनु पर्दछ । जबसम्म हस्ताक्षरयुक्त निवेदन प्राप्त हुँदैन तबसम्म सचिवालयले यसलाई दर्ता गर्दैन ।
- सम्पूर्ण सूचनाहरू तलको ठेगानामा पठाउनुहोस् ।

**The CEDAW Committee**
C/O Division for the Advancement of Women
Department of Economic and Social Affairs, UN Secretariat
2 UN Plaza, DC2-12th Floor, New York, NY, 10017, USA
Fax: +1-212-963-3463, Email: daw@un.org

२. **जानकारीका लागि सूचना प्रेषित गर्न**

- याद गर्नुहोस् जानकारी बेनामे हुनुहुँदैन ।
- महासन्धि र इच्छाधिन आलेखका पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकार भित्र व्यक्ति वा उसको सट्टामा अन्य कसैले व्यक्तिगत वा व्यक्तिहरूको समूहबाट रहि पेश गर्न सक्दछ ।
- यदि कसैको वा कुनै समूहको तर्फबाट अन्य कसैले जानकारी पेश गरेको भए त्यस्तो निवेदकको लागि सम्बन्धित पक्षको सहमति हुनुपर्दछ वा सहमति नभए सहमति नहुनुको कारण न्यायोचित र मनासिव हुनुपर्दछ ।
- याद गर्नुहोस् त्यस्तो निवेदन पहिल्यै समितिले जाँचबुझ गरी सकेको वा अन्य अन्तर्राष्ट्रिय अनुसन्धानात्मक प्रक्रियाबाट गुज्रिसकेको वा निर्णय भइसकेको हुनु हुँदैन ।
- यदि अन्तरिम कदमको अनुरोध गरिएको छ भने त्यस्तो अनुरोध न्यायोचित देखिनु पर्दछ ।
- सामान्यतया स्थानयि न्यायिक प्रक्रियाको समाप्ति भइसकेको हुनुपर्दछ र त्यसको प्रमाण समेत पेश गर्नुपर्दछ । यदि स्थानयि उपचार उपयोगी छैन भनेमा महासन्धि समितिले त्यसको कारण सोध्न सक्छ ।

३. **जाँचबुझ वा सुचना प्रेषित गर्ने**

- याद गर्नुहोस् पक्ष राष्ट्रलाई जाँचबुझ कार्यमा आरक्षण हुँदैन ।
- हिंसा गम्भीर र नियमित छ भन्ने कुरा देखाउनु होस् ।
- समितिलाई निवेदकको जानकारी समेत पेश गर्नुहोस् । यदि सूचनाहरू सहि र प्रमाणित छन् र जानकारीका स्रोतहरू मनासिव छन् भने यसले ढिला हुने संभावनालाई कम गर्दछ ।
- समितिले सुचीपत्रको आधारमा नियमित सुचनाहरू ग्रहण गर्न सक्छ उदाहरणको लागि यदि कुनै गैरसरकारी संस्थाले पहिल्यै सूचना पेश गरिसकेको भए तापनि त्यहि गैरसरकारी संस्था वा अन्य संस्थाले पुनः सूचना पेश गर्न सक्छ ।

## उजुरी प्रेषित गर्ने सम्बन्धी निर्देशिका

### सूचना सम्बन्धी कार्यविधि

तल महासन्धि समितिलाई उजुरी पेश गर्ने उजुरीको नमूना ढाँचा दिइएको छ । यस सम्बन्धी तपाईलाई प्रशस्त जानकारी हुन जरूरी छ । यदि अतिरिक्त जानकारीहरू वा अर्को वैकल्पिक ढाँचा बढी सुविधाजन्य भए निवेदकले उजुरी पेश गर्न त्यस्तो ढाँचाको पनि प्रयोग गर्न सक्छ ।

१. **निवेदक सम्बन्धी सूचना :**

- थर :
- नाम :
- जन्म स्थान र मिति :
- राष्ट्रियता :

- पासपोर्ट/परिचयपत्र नं (यदि भएमा)
- लिङ्ग :
- वैवाहिक स्थिति/सन्तान :
- पेशा :
- जातिय पृष्ठभुमि/धार्मिक विश्वास/सामाजिक सम्बन्ध (यदि आवश्यक छ भने)
- हालको ठेगाना :
- गोप्यताको लागि पत्राचारको ठेगाना (यदि हालको ठेगानाभन्दा फरक भए)
- फ्याक्स/टेलिफोन/इमेल :
- तपाई के को लागि जानकारी प्रेषित गर्दै हुनुहुन्छ, सूचित गर्नुहोस् :
    - पीडित - यदि त्यहाँ व्यक्तिहरूको समूह नै पीडित भइरहेको छ भने प्रत्येकको आधारभुत सूचना पेश गर्नुहोस् ।
    - पीडितको तर्फबाट अन्य कसैले - पीडितको सहमति प्राप्त भएको प्रमाण पेश गर्नुहोस् अथवा त्यस्तो सहमतिको आवश्यक छैन भन्ने कुराको न्यायोचित कारण खुलाउनुहोस् ।

**२. पीडितको सरोकार सम्बन्धी सूचना (यदि निवेदक फरक भए)**

- थर :
- नाम :
- जन्म मिति र स्थान :
- राष्ट्रियता :
- पासपोर्ट राहदानी/परिचय पत्र नं. (यदि भए)
- लिङ्ग :
- वैवाहिक स्थिति/बालबच्चा :
- पेशा :
- जातिगत पृष्ठभुमि/धार्मिक आस्था/सामाजिक समुह (यदि आवश्यक भए) :
- हालको ठेगाना :
- गोप्यताको लागि पत्राचारको लागि ठेगाना (यदि हालको ठेगानाभन्दा फरक भए) :
- फ्याक्स/टेलिफोन/इमेल :

**३. पक्ष राष्ट्र सम्बन्धी जानकारी**

- पक्ष राष्ट्रको नाम (देश) :

**४. कथित उल्लंघनको प्रकृति**

- आफ्नो दाबीलाई सिद्ध गर्न विस्तृत जानकारी उपलब्ध गराउनु होस्
- कथित उल्लंघन र पीडक बारे वर्णन :
- मिति :

- स्थान :
- महासन्धि अन्तर्गतका व्यवस्थाहरूको उल्लंघन । यदि जानकारीमा एक भन्दा बढी व्यवस्थाहरू औल्याएको भएको प्रत्येक विषयलाई छुट्टाछुट्टै उल्लेख गर्नुहोस् ।

**५. स्थानीय स्तरमा उपचारको समाप्तिका लागि चालिएका कदमहरु**

स्थानीय स्तरमा उपचारका लागि उठाइएका कदमहरूको वर्णन गर्नुहोस् । उदाहरणको लागि कानुनी, प्रशासकीय वैधानिक, नीति अथवा कार्यक्रमबाट उपचारका लागि गरिएका प्रयत्नहरू त्यसमा उल्लेख गर्नुहोस् ।

- खोजिएको उपचारको प्रकार :
- मिति :
- स्थान :
- पहल गर्ने व्यक्ति :
- निकाय वा अंगलाई सम्बोधन गरिएको :
- मुद्दा माथि सुनुवाई गर्ने अदालतको नाम (यदि भए)

यदि स्थानीय उपचार अझै समाप्त भएको छैन भने किन भएको छैन, वर्णन गर्नुहोस् ।

कृपया ध्यान दिनुहोस् (सम्पूर्ण आवश्यक कागजातहरू संलग्न गर्नुहोस् ।)

**६. अन्य अन्तर्राष्ट्रिय कार्यविधि**

यस अन्तर्गत एकै विषयको उजुरी पहिल्यै जाँचबुझ भइसकेको छ वा यो विषय अन्य अन्तर्राष्ट्रिय अनुसन्धानात्मक प्रक्रियाबाट हेरिरहेको छ भने वा किनारा लागि सकेको छ (यदि छ भने वर्णन गर्नुहोस् ।)

- कार्यविधिको प्रकार :
- मिति :
- स्थान :
- परिणाम (यदि भए)

कृपया ध्यान दिनुहोस् (सम्पूर्ण आवश्यक कागजातहरू संलग्न गर्नुहोस् ।)

**७. कथित उल्लंघनको उपचार सम्बन्धमा सुझावहरु**

जानकारीसँगै खोजिएको कुन उपचार विधि उल्लेखित मुद्दासँग अनुकुल छ भन्ने सूचना उल्लेख गर्नुहोस् । सुझावहरू व्यक्तिगत उपचारका सम्बन्धमा साथै उठाइएका कदमहरू त्यस्तो उल्लंघन रोक्न असफलता हुनुको सम्बन्धमा पनि सोध्न सकिन्छ । (उदाहरणको लागि सुझावमा प्रणालीलाई असफल गर्ने कदमको परिवर्तन)

**८. मिति र हस्ताक्षर**

- मिति/स्थान
- निवदेकको/पीडितको हस्ताक्षर

**९. संलग्न कागजातहरुको सूची**

(सक्कल कपी नभई केवल नक्कल प्रति मात्र पठाउनुहोस्)

**जाँचबुझ कार्यविधि**

तल कुनै पनि जाँचबुझ सुरू गर्नु भन्दा अगाडि महासन्धि समितिलाई आवश्यक पर्ने आधारभुत सूचना प्रेषित गर्ने नमूना दिइएको छ । ती बुँदाहरू केवल सामान्य निर्देशिकाको रूपमा रहेका छन्, तपाई आफ्नो जानकारीलाई छुट्टै ढाँचामा पनि पेश गर्न सक्नु हुन्छ ।

**१. निवेदक सम्बन्धी जानकारी :**

जानकारी बेनामे पनि प्रेषित गर्न सकिन्छ । यद्यपि निवदेकको सूचना हुनु राम्रो हो । यसले महासन्धि सचिवालयलाई सम्बन्धित सूचनाहरू परिक्षण गर्न र अनावश्यक ढिलाई नगर्न सहयोग पुऱ्याउँदछ ।

- व्यक्तिको नाम/संस्था :
- ठेगाना :
- फ्याक्स/टेलिफोन/इमेल :

**२. जाँचबुझ सम्बन्धी सूचना :**

- संप्रेषित सूचना जाँचबुझ कार्यविधि अन्तर्गत पेश गरिएको जानकारी गराउनुहोस् ।
- पक्ष राष्ट्रको सम्बन्धमा उल्लेख गर्नुहोस् ।
- प्रेषित सूचना
  (क) गम्भीर (ख) नियमित अथवा (ग) दुवै
- महासन्धि अन्तर्गतका महिलाका मानव अधिकारसँग सम्बन्धित छन् भन्ने कुरा उल्लेख गर्नुहोस् ।
- संभव भए उल्लंघन सम्बन्धी एक पानासम्मको सांराश प्रस्तुत गर्नुहोस्, जसमा उल्लंघनको मुख्य विषय र समितिले किन तत्परता लिन आवश्यक छ भन्ने कुरा उल्लेख गर्नुहोस् ।

**३. कथित उल्लंघनको प्रकृति**

समितिलाई निवेदनमा विस्तृत विवरण उल्लेख गर्नुहोस् ।

- कथित उल्लंघनको विवरण - मिति/स्थान व्यहोरिएका पीडा अथवा रोक्नु पर्ने कुरा

- पीडकको जानकारी अथवा उल्लंघनको प्रभाव । समितिलाई सकेसम्म विस्तृत विवरण पेश गर्नुहोस् । जसले गर्दा समितिलाई उल्लंघनको ढाँचा वा उल्लंघनको विस्तार ठम्याउन सजिलो हुन्छ ।
- कथित पीडकको सूचना
- पीडित र तिनका परिवारले उपचार प्राप्तिका लागि उठाएका कदमहरूको जानकारी जसमा प्रहरीमा उजुरीको दर्ता, अन्य कार्यालय अथवा स्वतन्त्र राष्ट्रिय मानव अधिकारवादी संस्थाहरू आदिमा चालिएका कदम
- सरकारी कार्यालयबाट त्यस्तो उल्लंघनको अनुसन्धानमा गरिएको प्रयास तथा भविष्यमा पुनः उल्लंघनको घटना हुन नदिन उठाइएको कदम सम्बन्धी जानकारी
- सम्बन्धित निकायले चालेका कदमहरू समेतको जानकारी सहित उजुरी दर्ता गरिएको अवस्था, अनुसन्धानको राष्ट्रिय स्तरको अवस्थाको जानकारी समितिलाई गराइएकोमा किन त्यस्तो अनुसन्धान पर्याप्त छ भन्ने जानकारी
- अतिरिक्त थप जानकारीहरू (जस्तो तथ्यांक वा आंकडा, नीतिगत तथा कानुनी विभेद) यदि तपाईको निवेदनको सरोकार कुनै विशेष घटना नभई कानुन र नीतिसँग सम्बन्धित छ भने त्यस्तो कानुन र नीतिहरूको सारांश तथा महिलाको अधिकारको कार्यान्वयनमा यसको प्रभाव सम्बन्धी जानकारी
- राज्यद्वारा अवस्थालाई सुधार गर्न चालिएका कदम तथा छुट
- यदि तपाईको निवेदन सरकारी निकायद्वारा भएको उल्लंघनसँग नभई निजी क्षेत्रसँग सम्बन्धित छ भने त्यसमा जानकारीमा सरकार किन त्यस्तो घटना रोक्न वा अनुसन्धान, सजाय वा क्षतिपूर्तिका सम्बन्धमा असफल भयो भन्ने जानकारी दिनुहोस्
- महासन्धिले निर्दिष्ट गरेका व्यवस्थाहरू उल्लंघन भएको देखाउनुहोस्

४. **चाल्नु पर्ने कदम र उल्लंघनको उपचार सहितको सुझाव बनाउनुहोस् ।**

५. **संलग्न कागजातहरुको सूची तयार गर्नुहोस् (सक्कल कागजात नपठाउनुहोस्, प्रतिलिपि प्रति पठाउनुहोस्)**

## नैतिक मुद्दाको गैरसरकारी संस्थाहरुको लागि निर्देशिका

१. इच्छाधिन आलेखअन्तर्गत उजुरी तथा सोधपुछको तयारी गरिरहेका राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरूलाई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा गरिने सहयोग र सहायतामा ज्ञान र क्षमता विकासको प्रदान गर्न प्रतिबद्ध हुनुपर्दछ ।

२. राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहयोग गर्न प्राथमिकता

इच्छाधिन आलेखअन्तर्गत उजुरी र सोधपुछ प्रक्रियामा निम्न कुराहरू हुनुपर्दछ ।

- महासन्धि र इच्छाधिन आलेखअन्तर्गतको मुलभुत व्यवस्था तथा कार्यविधि सम्बन्धमा विशेष दक्षता,

- अन्य मानव अधिकार सम्बन्धी दस्तावेज तथा सम्बन्धित कार्यविधिमा लैङ्गिक विभेद सम्बन्धी दक्षता ।

३. यसका अतिरिक्त लक्षित गरिएको सहायताको दिइरहेको अवसथमा गैरसरकारी संस्थाको अतिरिक्त भूमिका हुन सक्छ ।

- मुलभुत कानुनी तथा कार्यविधिगत विषयमा सल्लाह प्रदान गर्ने, जुन इच्छाधिन आलेखको उजुरी तथा सोधपुछसँग सम्बन्धित हुन सक्छ ।
- जानकारीका लागि सजिलो पहुँचको लागि सूचना र जानकारीको आदान प्रदान (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसरकारी संस्थाबाट प्रतिनिधित्व गर्ने पीडितहरू र संयुक्त राष्ट्र संघका कर्मचारीहरूको अन्य गैरसरकारी संस्था तथा व्यक्तिगत सक्रियतावादीहरू त्था सरकारी अधिकारीहरूको बीच)
- विशेष प्रकारका मुद्दाहरूमा राष्ट्रिय स्तरका गैरसरकारी संस्थाले उचित ठहऱ्याएको जरूरी कारवाहीलाई सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय क्षेत्रको ध्यानकर्षण
- उजुरी गर्ने निवेदक तथा सोधपुछकर्तालाई विषयवस्तुलाई प्रभावित गर्ने विषयमा यथेष्ट तथ्यगत सूचनाहरूको पहुँचको सुनिश्चितता
- व्यवहारको तुलनात्मक ज्ञान तथा सान्दर्भिक राजनैतिक विकासक्रम र मुलभुत कानुनी तथा कार्यविधि विषयमा सल्लाह प्रदान ।

४. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट हुने पीडितको प्रत्यष दुरूपयोग जसलाई उजुरी तथा सोधपुछ कार्यमा प्रयोग गर्न खोजिएको हुन्छ, जसलाई अनैतिक मान्न सकिन्छ । यदि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुनै मुद्दामा यसलाई इच्छाधिन आलेखको विषयलाई स्थापित गर्ने कुरामा प्रयोग गर्न खोजिएकोमा यस्तो मुद्दामा कार्य गरिरहेका स्थानीय तथा राष्ट्रिय गैरसरकारी संस्था तथा वकीलहरूसँग सम्बन्ध हुनु आवश्यक हुन्छ । यदि कुनै मुद्दा इच्छाधिन आलेखको विषयलाई स्थापित गर्न सहायक सिद्ध हुन्छ भन्ने ठानिएमा स्थानीय तथा राष्ट्रिय राजनैतिक, कानुनी र सामाजिक विषयहरूको जवाफदेहिता हुनु त्यससम्बन्धी छलफल चलाइनु पर्दछ । जसको लागि त्यसपछि यदि त्यस्तो मुद्दा उपयुक्त विकल्पको रूपमा देखा परेको राष्ट्रिय तथा गैरसरकारी संस्थाले संयुक्त प्रयासको रूपमा पीडितको पहिचान गर्न र मुद्दा पेश गर्न सक्छन् ।

५. कुनै पीडितले आफ्नो मुद्दामा संभावित प्रतिनिधित्वको लागि कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग राख्ने अवस्था आएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संभावित सहभागिताको लागि स्थानीय तथा राष्ट्रिय गैरसरकारी तथा वकीलहरूलाई सुझाव गर्न सक्छ । यदि पीडितले संयुक्त प्रयासको लागि इच्छा देखाएमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले त्यस्तो गैरसरकारी संस्था तथा व्यक्तिहरूसँग सम्पर्क राखनु पर्दछ र संभावित साझा प्रयास/सहभागितालाई खुल्ला राख्नु पर्दछ । यदि पीडितले त्यस्तो सम्पर्क राख्न इच्छा नदेखाएमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले निजको अनुमती लिएर स्थानीय तथा राष्ट्रिय गैरसरकारी समुदायलाई त्यस्तो सूचना पेश गर्न अनुरोध गर्छ । यदि त्यस्तो कार्य पीडितको इच्छा विपरित नभएको मात्र जानकारीको लागि बाहिर ल्याउन सक्छ ।

६. कुनै उल्लंघनको घटना निरन्तरता भइरहेका र पीडितको पहिचान समेत भएको छ र कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले त्यस्तो पीडितको तर्फबाट प्रतिनिधित्व गर्न चाहेको भए सबैभन्दा पहिला स्थानीय तथा राष्ट्रिय महिला समूह मानव अधिकारवादी समूह र वकीलहरूसँग सम्पर्क राख्नु पर्छ ।

७. स्थानीय तथा राष्ट्रिय प्रतिनिधित्वले पीडितको व्यवहारिक तथा राजनैतिक फाइदाहरू भए त्यस्तो अवस्था अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाभन्दा स्थानीय तथा राष्ट्रिय समूहलाई पीडितको प्रतिनिधित्व गर्ने अवसर दिइन्छ । यसको लागि संयुक्त रूपमा खोज वा अन्वेषणको प्रयासहरू हुन सक्दछ ।

८. यदि स्थानीय तथा राष्ट्रिय समूहले त्यस्तो मुद्दालाई प्रतिनिधित्व गर्न नचाहेमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले उनीहरूलाई आफै पीडितसँग सम्पर्क राख्न र त्यस्तो मुद्दाको प्रतिनिधित्व गर्न इच्छाएको जानकारी पठाउनु पर्दछ । यदि पीडितले त्यस्तो सहमतियुक्त जानकारी दिएमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले मुद्दाको सम्बन्धमा पीडितलाई आवधिक प्रगति दिनुपर्दछ ।

९. जसको अधिकारको उल्लंघन भएको व्यक्ति वा समूह भलाइको लागि सूचना र सोधपुछको सम्बन्धमा प्रभाव पार्ने सम्पूर्ण कारणहरूलाई मर्यादित ढंगमा लिइनु पर्दछ । त्यसलाई निम्न आधारमा निर्क्योल गर्न सकिन्छ ।

१०. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूले पीडितको प्रतिनिधित्व गर्ने वा पीडितको तर्फबाट केही गर्नु अगावै पीडितको प्रतिनिधित्व गर्ने सम्बन्धमा स्पष्ट सहमति लिनु पर्दछ । साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरूले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध राजनैतिक एंव कानुनी विकल्पहरूको सम्बन्धमा सत्य र स्पष्ट व्याख्या र ती विकल्पहरूको खोजी र यसबाट हुन सक्ने उपलब्धीको बारेमा जानकारी प्रदान गर्नुपर्दछ ।

- इच्छाधिन आलेख अन्तर्गतको कार्यविधि अवलम्बन गर्दा अन्य कार्यविधिको प्रयोग गर्न नपाइने कुरा,
- प्रारम्भदेखि अन्तिम (निष्कर्ष) समयसम्म लाग्ने अनुमानित समय,
- प्राप्त परिणाम (प्रतिफल) बाध्यात्म र बाध्यात्मक नहुने कुरा,
- बदला अथवा कलंक (आरोप) लाग्न सक्ने संभाव्यता
- बदला वा प्रतिशोध र सामाजिक दवावको विरूद्धमा उपलब्ध संरक्षणको उपायहरू र सहयोगी पद्धतिलाई मजबुत बनाउने संभाव्य उपायहरू
- मुद्दाको लागि Campaign गर्नुपर्ने भयो भने त्यो कसरी गर्ने ?

११. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू जस्तै राष्ट्रिय गैरसरकारी संस्थाहरूले महिला महासन्धि र अन्य मानव अधिकार सम्बन्धी महासन्धि र उजुरी (सूचना) कार्यविधि सम्बन्धमा भएको आफ्नो अनुभव र विशेषज्ञतालाई पूर्ण रूपमा खुल्ला गर्नु पर्दछ । यसले गर्दा उनीहरूलाई उपयुक्त प्रतिनिधित्वको दिन सक्ने एंव सक्षम प्रतिनिधि छनौटमा सहयोग पुग्नेछ ।

१२. जहाँ पहिचान गरिएको पीडित वा पीडितहरूको समूहबाट स्वतन्त्र सहमति लिन संभव छैन वा उपलब्ध छैन त्यस परिस्थितिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले

उनीहरूको प्रतिनिधिहरूको स्वतन्त्र सहमति खोजिनु पर्दछ तर यस्तो सहमति पीडितको वास्तविक स्वार्थ विपरित छैन भन्ने सुनिश्चित हुनुपर्दछ । यस्तो प्रतिनिधि भन्नाले उसको परिवारको सदस्य हुन सक्दछ तर उसको परिवारको सदस्य प्रत्यक्ष रूपमा ऊ प्रति जिम्मेवार रहेको हुनुपर्दछ । यदि हिंसाको सम्बन्धमा उसको परिवारको सदस्यको सहमति लिने सवालमा जानकारी दिंदा पीडितको जनजीवनमा नै खतरा वा समस्या आउन सक्ने स्थिति रह्यो भने यसो गरिनु हुँदैन ।

१३. गोपनियता कायम राख्ने सम्बन्धमा गैरसरकारी संस्थाहरूले पीडितसँग उजुरी वा जाँचबुझ कार्यविधिमा उल्लेख गर्न नहुने सूचनाहरू र त्यस्ता जानकारी एंव सूचनाको निजी तथा सार्वजनिक स्थलमा उल्लेख गर्नुपर्ने आई पर्न सक्ने स्थितिमा छलफल गर्नु पर्दछ । गैरसरकारी संस्थाका अधिकारले अनुमतिको लागि विशेष अनुरोध गर्नु पर्दछ । जस्तैः
    - उद्देश्य प्राप्तिको लागि रणनीति विकल्पहरूको निर्धारण गर्ने, अन्य पीडितहरूको पहिचान गर्ने, उठाउनु पर्ने तथ्यहरूको सम्बन्धमा अन्य समूहबाट निजी अभियन्तासँग छलफल गर्ने, संचारले मुद्दासँग राखेको जिज्ञासाको विषय जवाफ दिने र उनीहरूलाई सम्पर्क गर्ने ।

**इच्छाधिन आलेखको प्रयोग गरी महिला अधिकार संरक्षण गरौं ।**

## इच्छाधिन आलेखको प्रयोग सम्बन्धमा गैरसरकारी संस्थाहरुलाई केही जानकारीहरु

एक पटक वैकल्पिक महासन्धि इच्छाधिन आलेख राष्ट्रिय स्तरमा लागू भएपछि यसले राण्नीति विकास गर्न वा नयाँ आयामहरू थप्न सक्छ अथवा महिलाका अधिकारहरूको सम्बर्द्धनको लागि विद्यमान पहलहरूलाई बलियो बनाउन सक्छ । यसलाई सरकारी कारवाही तथा सूचनाका सहयोगीको रूपमा प्रयोग गर्न गैरसरकारी संस्थाहरूको वकालत प्रयास तथा विवादमा साधनको रूपमा प्रयोग हुन सक्छ ।

### सहयोग परिचालन तथा सचेतनाको विकास

- महिला महासन्धि तथा यसको इच्छाधिन आलेखको बारेमा तथा सार्वजनिक सचेतनाको वृद्धि गर्नुहोस् । यो प्रक्रिया महासन्धि/इच्छाधिन आलेखको समर्थन भए पश्चातदेखि निरन्तर संचलन गर्नुपर्दछ । जसले गर्दा व्यक्ति, सरकारी अंगहरू तथा गैरसरकारी संस्थाहरूले समेत यसलाई महिलाको मानव अधिकारहरूको प्राप्ति गर्ने औजारको रूपमा प्रयोग गर्न सक्दछ ।
- राज्यको वा गैससको महासन्धि समितिलाई पठाउने प्रतिवेदन तयार गर्न सहभागी हुने समूहलाई महासन्धिलाई प्रयोगको सुनिश्चितता गर्नुहोस् ।
- महासन्धि समितिको अन्तिम टिप्पणीको कार्यान्वयनको जानकारी राख्नुहोस् ।

- व्यवस्थापिका सदस्यहरू अथवा सरकारी अधिकारहरूलाई वैकल्पिक महासन्धि र महासन्धि समितिको विचारहरू सम्बन्धमा सचेत गर्ने उपायहरू सुझाव दिनुहोस् ।
- यदि हस्ताक्षरको समयमा वा प्रवेशको बेला राष्ट्रले जाँचबुझ कार्यविधिका कुनै आरक्षण राखेको भए व्यवस्थापक, सरकारी अधिकारी तथा नागरिक समाजका सदस्यहरूलाई त्यस्तो आरक्षण फिर्ता लिने नीतिहरू तयार पार्न परिचालन गर्ने । त्यस्तोल कार्यलाई निम्न कुराहरूले सहयोग गर्दछ ।
- जाँचबुझ प्रक्रियाको फाइदा सम्बन्धमा संचार नीति तथा शिक्षा सम्बन्धी सामाग्रीको विकास गर्ने ।
- जाँचबुझ कार्यविधि सम्बन्धमा राज्यको स्थानको वैधता र विवेक सम्बन्धमा निरन्तर छलफल चलाउने ।
- राज्यको आरक्षण फिर्ता लिनु व्यवस्थापिका संसदहरू, न्यायाधीश तथा अन्य सरकारी अधिकारीको समर्थन जुटाउन, उत्प्रेरणा गर्ने ।
- जाँचबुझ कार्यविधि सम्बन्धको छलफललाई निरन्तर गर्ने ।

**उजुरी सम्बन्धी रणनीति तथा कानुनी पहलहरु खुल्ला गर्ने** :

- महासन्धिलाई व्याख्या सम्बन्धी औजारको रूपमा प्रबर्द्धन गर्ने रणनीतिको विकास गर्ने, जसलाई कानुन व्यवसायी तथा न्यायलयले प्रयोग गर्न सक्छ,
- महिलाको मानव अधिकार सम्बन्धमा वकील तथा न्यायाधीशहरूको लागि कार्यशालाको आयोजना,
- कानुनी सुधार अभियानको प्रबद्धन गर्न गठनबन्धनको निर्माण तथा महिलाको मुद्दाहरूलई पहिचान गर्ने प्राथमिकताका सुची तयार गर्ने र सार्वजनिक सरोकारका मुद्दाको संभाव्यताको खोजी गर्ने,
- वैकल्पिक महासन्धि आलेखको प्रभावकारिता सम्बन्धमा मुख्य सरोकारवालाहरूको विचार आदान प्दान गर्ने राष्ट्रिय छलफलको आयोजना गर्ने र कार्ययोजना सामुहिक तयार गर्ने ।
- कानुनी पहल तथा उजुरी सम्बन्धी रणनीतिलाई प्रकाश पार्ने, महासन्धि/आलेखलाई प्रयोग गर्न सकिने खालका जानकारी तथा रणनीति सम्बन्धी जानकारी सामग्रीको आदान प्रदान गर्ने,
- महिलाको मानव अधिकारको उल्लंघन सम्बन्धी जानकारीको आदान प्रदान गर्न बैठकको आयोजना तथा सञ्जालको निर्माण गर्ने जसले उजुरी तथा कानुनी सुधार सम्बन्धी रणनीतिलाई सम्बोधन गर्न सक्छ,
- स्थानीय स्तरमा सन्धिको कार्यान्वयन सम्बन्धी अनुगमन गर्न महासन्धि सम्बन्धी उजुरी र कानुनी पहलको ताकेता गर्न इच्छुक समूहसँग सहकार्य गर्ने,
- राष्ट्रिय स्तरमा न्यायमा महिलाको पहुँचलाई सुनिश्चित गर्ने बाटोको पहिचान,
- न्यायमा महिलाको पहुँचलाई सुनिश्चित गर्ने राज्यद्वारा चालिएका कदमको असर तथा सफलताको अनुगमन

- राष्ट्रिय कानुनमा महासन्धि तथा वैकल्पिक महासन्धिका कुन विषयहरूले पर्याप्त रूपमा प्रवेश पाएका छैनन् भन्ने कुरालाई पहिचान गर्न राष्ट्रिय कानुन, नीतिहरू तथा व्यवहारको पुनरावलोकन गर्ने उदाहरणको लागि महिलाको मानव अधिकार उल्लंघनको सम्बन्धमा पीडितलाई प्राप्त हुने उपचार अपर्याप्त वा अप्रभावकारी हुन सक्छ । यदि त्यस्तो भए त्यस्तो स्थितिलाई सम्बोधन गर्न राष्ट्रिय स्तरको नीति विकास गर्नु महत्वपूर्ण हुन्छ ।
- वैकल्पिक महासन्धि/आलेखलाई सम्बोधन गर्ने पद्धतिको महासन्धिका व्यवस्थाहरूसँग असंगत हुने राष्ट्रिय कानुन तथा व्यवहारको रूपमा अघि पठाउने अवसरमा देखिएका व्यवधानहरूलाई हटाउने अवसरको पहिचान गर्ने ।
- महासन्धि तथा वैकल्पिक आलेखको अतिरिक्त विषयहरूलाई सफलतापूर्वक राष्ट्रिय कानुन, नीतिहरूमा समावेश कसरी गर्न सकिन्छ भन्ने पहिचान गर्ने,
- महासन्धि समितिको प्रतिवेदन प्रक्रियालाई केही मुद्दाहरूमा ध्यानकर्षण गराउने उपायको बारेमा प्रयोग गर्ने जसलाई राष्ट्रिय दायित्वको सिद्धान्तको रूपमा सम्बोधन गर्नु पर्दछ ।